जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ११, २०७९ साल साउन ६ गते शुक्रबार, नेपाल संवत् ११४२ (July 22, 2022) Website : www .greaternepal .com .np    मूल्य रु. १० ।–


## विश्वकै कमजोर सूचीमा नेपाली पासपोर्ट

काठमाडौं । विश्वभरको पासपोर्ट ऱ्याङकिङको सूचीमा नेपाली राहदानी (पासपोर्ट) विश्वकै कमजोर सूचीमा परेको छ । हेन्ली पासपोर्ट इन्डेक्स २०२२ क्वाटर थ्री रिपोर्टमा नेपाल विश्वकै कमजोरमध्ये ७ औं स्थानमा देखिएको छ ।

पहुँचको आधारमा ११२ ऱ्याङ्कमा विभाजन गरिएको रिपोर्टमा नेपालको पासपोर्ट १०६ औं ऱ्याङ्कमा छ । यसअनुसार ऱ्याङ्किङको आधारमा नेपाल छैठौं कमजोर पासपोर्ट भएको मुलुक हो । नेपाल रहेको १०६ औं स्थानमा प्यालेस्टाइन पनि छ । **बाँकी ८ पेजमा**

## परीक्षणका लागि रड निर्यात

काठमाडौं । वर्तमान सरकारले चालु आर्थिक वर्षको बजेटमा प्रस्तुत गरेको प्रावधानका कारण नेपाली उद्योगीले सिमेन्ट र रड निर्यात गर्न थालेका छन् । बजेटमा निर्यातमा नै छुट दिने व्यवस्था गरिएकाले उद्योगी व्यवसायीले निर्यात शुरु गरेका हुन् । यसबाट व्यापार घाटा घटाउन सहयोग पुग्ने विश्वास लिइएको छ । बजेटमा निर्यातमा छुटको घोषणा भएसँगै श्री स्टिलले आजदेखि रड निर्यात गर्न लागेको हो । रुपन्देहीको सेमरहवामा सञ्चालित उक्त उद्योगले पहिलो चरणमा बुधबार दुई ट्रक रड भारत निर्यात गर्न लागेको जनाएको छ । **बाँकी ८ पेजमा**

# नागरिकता विधेयक किन सधैं विवादमा ?

काठमाडौं । नेपालमा २००९ सालमा पहिलो पटक नागरिकता ऐन बनेको हो । त्यसमा अहिले जस्तो वंशज या अंगीकृत भन्ने स्पष्ट परिभाषा थिएन । जम्मा ११ दफा रहेको उक्त ऐनमा उल्लेख 'अधिबासी' भन्ने शब्दले वंशज र 'बसोबासका आधारमा दिइने' भन्नाले अंगीकृत प्रकृतिको नागरिकताको अनुमान गर्न सकिन्छ । यो ऐनले बाबु या आमामध्ये एक नेपाली भएमा तिनका सन्तानले वंशजकै नागरिकता पाउँथे । त्यतिबेला नेपाली पुरुष तिब्बती महिलाका सन्तानमध्ये छोराले नेपाली नागरिकता पाउँथे भने छोरी तिब्बती नागरिक नै हुन्थिन् । नागरिकता प्राप्तिको प्रक्रिया खुकुलो भए पनि त्यतिबेलाको नेपाली समाजको प्रक्रिया साक्षरता तथा राजनीतिक व्यवस्थाले नागरिकता विवादको विषय बनेन ।

२०१९ सालमा नागकिरतालाई पहिलो पटक संवैधानिक ढाँचामा ल्याइयो । २००९ सालको ऐनमा भएजस्तै बाबु वा आमा' भन्ने व्यवस्था कायमै राखे पनि कानुनले निर्धारण गरेबमोजिम नागरिकता पाउने संवैधानिक व्यवस्था गऱ्यो । २०२० साल फागुन १६ मा नागरिकता ऐन जारी भयो । उक्त ऐनले नागकिरताका कडाई गर्दै बाबुको नामबाट मात्र वंशजको आधारमा नागरिकता दिने प्रावधान राख्यो । तत्कालीन राजा महेन्द्रले 'राष्ट्रवादी नीतिका आधारमा नागरिकता वितरण गर्ने परिपाटी अगाडि बढाएपछि विस्तारै नागरिकता प्रकरण राजनीतिक तुरुपका रुपमा प्रयोग हुँदै आएको मानिन्छ । यसको व्यापक विरोध भएपछि ऐनमा ५ पटक संशोधन गरी नागरिकता वितरणलाई अभियानकै रुपमा सञ्चालन गरियो । ०३२ देखि ०३८ सम्म ६ वर्षमा चार चरणमा टोली खटाई नागरिकता बाँड्ने काम भयो । ०४०, ०४३, ०४४ मा टोलीद्वारा नागरिकता वितरण गरियो । ०६३ मा नागरिकता ऐन जारी भएपछि संविधानसभा चुनावअघि टेबल राखेर नागरिकता बाँडियो । नयाँ संविधान जारी भएपछि नागरिकता लफडाले उग्र रुप लिँदै आएको छ ।

सभामुखले संसद्को यसै अधिवेशनबाट नागरिकता विधेयक पारित हुने भनेर अभिव्यक्ति दिएसँगै नागरिकता विधेयक संसद्को यसै अधिवेशनबाट पारित हुने सर्वत्र चर्चा परिचर्चा भइरहेको छ । ३ वर्ष अगाडि संसद्मा पेस गरेको नागरिकता विधेयक र अध्यादेशझैं नागरिकता विधेयक हुबहु पारित भएमा यसैका आधारमा विदेशी नागरिकका सन्तानले भटाभट नेपाली नागरिकता पाउने स्थिति उत्पन्न हुनेछ । यसरी विदेशी नागरिकका सन्तानले भटाभट नेपाली नागरिकता खुकुलो तवरले पाउने कानुन बनेमा मुलुकको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा समेत गम्भीर प्रकारको चुनौती खडा हुने देखिन्छ ।




विदेशी नागरिकका सन्तानले भटाभट नेपाली नागरिकता खुकुलो तबरले पाउने कानुन बनेमा मुलुकको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा समेत गम्भीर प्रकारको चुनौती खडा हुने देखिन्छ ।

नागरिकता परिचयपत्र नेपाली नागरिकको परिचयपत्र हो । यो राष्ट्र र जनताबीचको सम्बन्ध जोड्ने सेतुको सम्बन्ध कायम गर्ने माध्यम हो । नागरिकता प्राप्त नागरिक देशका सच्चा नागरिक हुन् । देशको राष्ट्रियताको पहिचान र रक्षा पनि नागरिकता प्राप्त नागरिकबाट नै हुन्छ । यदि, देशमा गैरनेपाली नागरिकको संख्या बढ्दै गयो भने देशलाई संकट परेका बेला गैरनेपाली नागरिक अन्तिमसम्म देशको पक्षमा खडा हुन सक्तैनन् । भारतले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा सीमा अतिक्रमण गरिरहेका बेला यसविरुद्ध ठूलो आन्दोलन भयो । तर, नेपालमा बसोबास गरिरहेको एउटा हिस्साले मौनता साँध्ने काम गऱ्यो । भारतले अतिक्रमण गरेको भूभागसहितको नेपालको नक्सा संविधानमा समावेश गरेर पारित गर्दा सरिता गिरीले त यसको विरोध गरेको घटनाबाट पनि के पुष्टि हुन्छ भने गैरनेपाली नागरिक देशलाई अप्ठ्यारो परेको बेला मौनता साँध्ने वा विदेशी साम्राज्यवादी, विस्तारवादीको पक्ष पोषण गर्ने गर्दछन् भन्ने गतिलो उदाहरण सरिता गिरीले प्रदर्शित गरेकी थिइन् । सरिता गिरी एउटा प्रतिनिधिपात्र हो ।

राज्यले बनाउने कानुन भावी सन्ततिको लागि अभिशाप बन्नुहुँदैन । कुनै पनि कानुनले भोलि के-कस्तो परिणाम ल्याउँछ र यसले राष्ट्र तथा राष्ट्रियतालाई तत्काल एवं दूरगामी रूपमा समेत के कस्ता खतरा पैदा गर्न सक्छ भन्ने कुरा'दयगत सूक्ष्म रूपले ध्यान दिन आवश्यक हुन्छ । यसका साथै कानुनका प्रावधान तर्जुमा गर्दा विश्वका अन्य राष्ट्रले अवलम्बन गरेको नीतिलाई पनि उत्तिकै महत्वका साथ विवेचना गरी समयसापेक्ष सही तर्जुमा गर्न पर्दछ । एकपटक कानुन बनाएपछि वा कुनै सम्झौता गरेपछि त्यसका दुष्परिणाम देखा परेपछि सच्याउँला भन्ने चिन्तनबाट सही नीति-निर्माण गर्न मद्दत पुग्दैन । परिस्थिति बिग्रिसकेपछि त्यसलाई सही मार्गमा ल्याउन धेरै कष्ट, वलिदान र संघर्षको आवश्यकता पर्न सक्दछ । **बाँकी ८ पेजमा**

## इजरायलमा रोजगारी खुल्यो

काठमाडौं । झण्डै पाँच महिनादेखि रोकिएको इजरायलमा नेपाली कामदार पठाउने प्रक्रिया पुनः सुरु भएको छ । इजरायलका दीर्घकालीन स्याहार केन्द्रका लागि सम्झौता गरेका नेपाली सहायक कामदारहरूमध्ये १०० जना कामदारको भिसासहित राहदानी काठमाडौंस्थित इजरायल दूतावासको कन्सुलर विभागबाट प्राप्त भएसँगै कामदार पठाउने प्रक्रिया पुनः सुरु भएको हो ।

गत फागुनपछि इजरायलमा कामदार लैजाने कार्य रोकिएको थियो । वैदेशिक रोजगार विभागअन्तर्गत इजरायल र जापान शाखाले मंगलबार इजरायल जान भिसा प्राप्त गरेका १०० जना कामदारको सूचीसहित आवश्यक तयारीका लागि सूचना जारी गरेको छ । विभागका अनुसार भिसा प्राप्त गरेको कामदारले यही साउन ८ र ९ गते इजरायल उड्नुपर्नेछ । विभागले भिसा आएका कामदारहरूलाई राहदानी बुझ्न, उडानअनुसार बनाइने भाइबर ग्रुपमा आफ्नो **बाँकी ८ पेजमा**

## उपत्यकाको फोहोरको समस्या उस्तै



काठमाडौं । काठमाडौं उपत्यकाकाको फोहर व्यवस्थापनको काम आजदेखि रोकिएको छ । यसअघि फोहर व्यवस्थापन गर्दै आएको स्थान नुवाकोटको सिसडोलदेखि दीर्घकालीन फोहर व्यवस्थापनस्थल बञ्चरेडाँडासम्म जाने करिब दुई किलोमिटर बाटो मर्मतको काम भइरहेकाले आगामी एक हप्तासम्म फोहोर ढुवानीको काम बन्द गरिएको हो ।

सहरी विकास मन्त्रालयले फोहरको गाडी आवतजावत गर्दा बाटो मर्मतको काममा समस्या आएको भन्दै काठमाडौं महानगरपालिकालाई केही दिन फोहोर ढुवानीका गाडी नचलाइदिन आग्रह गरेको थियो । सोही आग्रहअनुसार महानगरपालिकाले पनि आजदेखि फोहोर व्यवस्थापन कार्य रोकेको हो ।

आजदेखि काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहर व्यवस्थापनको काम रोकिएको काठमाडौं महानगरपालिकाको वातावरण विभाग प्रमुख सरिता राईले जानकारी दिइन् । बाटो मर्मतकै कारण यसअघि पनि बिहान ४ **बाँकी ८ पेजमा**

## चुलिँदै व्यापार घाटा, धरापमा अर्थतन्त्र

काठमाडौं । नेपालको वैदेशिक व्यापारघाटा अझै सुधारोन्मुख देखिएको छैन । बढ्दो व्यापारघाटाले राष्ट्रिय अर्थतन्त्रलाई नै धरापमा पार्दैछ । उत्पादन बढाउने र निर्यात गर्ने सरकारी नीति भए पनि त्यसले परिणाममुखी नतिजा दिन सकेको छैन । मुलुक दिन प्रतिदिन परनिर्भर बन्दै गएको छ ।

आर्थिक वर्ष २०७८/७९ को एघार महिना अर्थात् जेठ २०७९ सम्म बजेटभन्दा ३१ अर्ब बढी व्यापार घाटा भएको छ । २०७८/७९ को २०७९ जेठ मसान्तसम्म देशको व्यापार घाटा २५ प्रतिशतले बढेर १५ खर्ब ७७ अर्ब रूपैयाँको भएको छ । सरकारले २०७८/७९ को मध्यावधी समिक्षा गर्दा बजेटको आकार १५ खर्ब ४६ अर्ब करोड रूपैयाँमा सिमीत भएको छ । आ.ब. २०७८/७९ अन्त हुन लाग्दा पनि व्यापार घाटा बढ्दो छ । २०७९ जेठ मसान्तसम्म देशको वस्तु तथा सेवाको निकासी ५३.३ प्रतिशतले बढेर १ खर्ब ५५ अर्ब पुगेको छ भने आयात २७.५ प्रतिशतले बढेर १७ खर्ब ६३ अर्ब १२ करोड रूपैयाँ पुगेको देखिन्छ । यस्तै कूल बेदेशिक व्यापारमा निकासीका हिस्सा भने ९.५३ प्रतिशतले बढेर ९०.४७ प्रतिशत भएको छ ।

भारतसँगको व्यापार घाटा सबभन्दा बढी ९ खर्ब ५५ अर्ब रूपैयाँ भएको देखिन्छ । भारतमा २०७८/७९ मा एघार महिनामा १ खर्ब ४५ अर्ब ९० करोडको मूल्यका वस्तु निकासी भएकोमा भारतबाट ११ खर्ब ९० करोड ३७ लाखको आयात आयात भएको छ । निर्याततर्फ ४६ अर्ब ५८ करोड ७० लाखको भटमासको तेल निकासी भएकोमा ४ अर्ब ४५ करोडको सन फ्लावर तेल तथा ३९ अर्ब ११ करोड ७० लाखको पाम आयल निकासी भएको छ ।

भारतबाट सबैभन्दा बढी इन्धन आयात भएको छ । जेठ २०७९ सम्म ६ लाख ७८ हजार ६७१ किलो लिटर इन्धन आयातको लागि रु. ६२ अर्ब ९१ करोड ९८ लाख खर्चिएको देखिन्छ भने १६ लाख २ हजार ४०८ किलोलिटर डिजेल खरिदमा रु. १ खर्ब ४५ अर्ब २१ करोड ९३ लाख खर्च भएको छ । त्यस्तै एल पी ग्याँस ५९ अर्ब १६ करोड तथा हवाई इन्धनका लागि १२ अर्ब ८८ करोड खर्च भएको छ । नेपालमा सबै जसो इन्धन भारतबाट आयात हुने गर्दछ । यद्यपी चीनसँग नेपालको कूल इन्धनको ३० प्रतिशत चीनसँग इन्धन गर्नुपर्ने २०७३ मा चीनसँग व्यापार तथा यातायात पारबहन सम्झौता भएको छ । उत्तरी देश चीनसँग २ खर्ब ४३ अर्ब ४७ करोडको व्यापार घाटा भएको छ । चीनतर्फ नेपालको निकासी ७३ करोड ९० लाखमा सिमीत भई आयात आयात २ खर्ब ४४ अर्ब २१ करोड रूपैयाँ भएको छ ।

२०७८/७९ को चैत्रसम्म ६० अर्बका खाध्यान्न आयात भएको छ । यस्तो अवस्थामा जुनेलोसमेत किनेर खान पर्ने भएको छ । नेपालको कूल कृषि योग्य भूमीमध्ये सात प्रतिशतमात्र खेति योग्य जमिन बाँझो रहेको छ । देशभर कूल ३० लाख ९१ हजार हेक्टर जमीन खेतियोग्य छ । जीडीपीमा कृषिको योगदान २७ प्रतिशत बराबर **बाँकी ८ पेजमा**

## निर्वाचन मिति चाडै घोषणा हुने

काठमाडौं । सरकारले आगामी ४ मंसिरमा प्रदेशसभा र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्नेगरी साउन दोस्रो साता निर्वाचनको मिति घोषणा गर्ने तयारी गरेको छ ।

सरकारी सूत्रका अनुसार आगामी साताको सोमबार बस्ने मन्त्रिपरिषद् बैठकले निर्वाचनको मिति घोषणा गर्न सक्ने सम्भावना छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले ज्योतिषीको सल्लाह अनुसार ४ मंसिरमा प्रदेश र प्रतिनिधि सभा निर्वाचन गर्नेगरी तयारी गर्न अनौपचारिक सन्देश आयोगलाई पठाइसकेका छन् ।

आयोगले भने यसअघि नै गत २२ असारमा प्रदेश र प्रतिनिधिसभा निर्वाचन देशभर एकै दिन एकै चरणमा गर्नेगरी सरकारसमक्ष २ मंसिरको मिति प्रस्ताव गरेको छ ।

आयोगले १ सय ६५ प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ३ सय ३० वटै प्रदेश सभा निर्वाचन **बाँकी ८ पेजमा**

## आर्थिक सहायताका नाममा करोडौं लुट

काठमाडौं । पछिल्लो चार वर्षमा सरकारले पहुँचवालालाई करिब ३९ करोड आर्थिक सहायता बाँडेको छ । विपन्नलाई स्वास्थ्य मन्त्रालयमार्फत र स्वास्थ्य बिमाबाट समेत उपचार खर्च उपलब्ध गराउँदै आएकोमा कतिपयले सरकारमा पहुँचका आधारमा गृह मन्त्रालयबाट सहायता लिँदै आएका छन् ।

गृह मन्त्रालयबाट आर्थिक वर्ष ०७५/७६ मा १३ करोड चार लाख, ०७६/७७ मा नौ करोड ११ लाख र ०७७/७८ मा सात करोड ९३ लाख रुपैयाँ वितरण भएको थियो । ०७८/७९ मा वितरण गरिएको आर्थिक सहायताको यकिन तथ्यांक तयार भइनसकेको, तर करिब नौ करोड हाराहारी खर्च भएको गृह मन्त्रालयका अधिकारीहरूको भनाइ छ । महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष यसरी वितरित आर्थिक सहायतामा प्रश्न उठाउँदै आएको छ । कतिपयलाई **बाँकी ८ पेजमा**

## जेष्ठ नागरिकका पक्षमा नयाँ कानुन

काठमाडौं : बाबुआमाको हेरचाह र स्याहार सुसारलाई नैतिक रुपमा लिने नेपाली समाज विस्तारै अर्कोतिर उन्मुख हुँदै गएको छ । यही महुसुस गरेर सरकारले बाबुआमाको हेरचाह गर्ने नैतिक विषयलाई कानूनले बाध्न खोजेको छ । यसका लागि संघीय संसदले ज्येष्ठ नागरिकप्रति सन्तानको दायित्व बाध्यकारी हुने गरी कानून बनाएको हो ।

राष्ट्रिय सभाबाट पारित भएर आएको 'ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयकलाई बुधबार प्रतिनिधिसभाले पनि **बाँकी ८ पेजमा**

## गणतन्त्रको उलेमा

समय सन्दर्भ



■ युवराज गौतम

असी जना जति युवा कलाकारको टोलीको नेतृत्व गर्दै सत्र वर्षका अरनिको चीन गएका थिए, वि.सं. १३१७ अर्थात सन् १२६० मा । चीनका सम्राट कुबलय खाँको दरवारमा पुगेपछि राजसभामा ती कलाकारलाई अनेक प्रश्न गरियो । सम्राटले हाँस्दै सोधे- तिमी निर्भीक बनेर हरेक प्रश्नको उत्तर दिइरहेका छौ । मसँग धेरै मानिस डराउँछन्, तिमीलाई डर लागेन?

अरनिकोले सहज शैलीमा उत्तर दिए- भूल, कसुर वा अपराध गर्नेहरू डराउँछन् । विध्वंश गर्नेहरू डराउँछन् । म हजुरको देशमा एउटा सुन्दर बौद्ध बिहार बनाउन आएको छु । त्यसैले प्रसन्न छु ।

इतिहास शिरोमणि बाबुराम आचार्यले लेखेका छन्- फग पाले बेइजिङ (पेकिङ भनिन्थ्यो पहिले) पुगेर सम्राट कुबलय खाँको दर्शन गर्न अरनिकोलाई आग्रह गरे । ल्हासाबाट झण्डै पाँच महिना यात्रा गरेर उनी पेकिङ पुगे । सम्राटले तिमीलाई मसँग कुरा गर्न डर त लागेको छैन भन्ने प्रश्न गर्दा अरनिकोले आत्मविश्वासपूर्वक उत्तर दिए- हामी नेपाली आफ्ना राजालाई पिताका रूपमा आदर गर्छौं । त्यसैले एउटा अवोध बालकझैं म हजुरका सामु हाजिर भएको छु । मलाई कुनै डर अनुभव भएको छैन ।

तिब्बतमा रहेको 'सक्य' महाबिहार ऊबेला ध्यानकेन्द्र मात्र थिएन, ज्ञानकेन्द्र पनि थियो । भनिन्छ, देश/देशान्तरका पाँच हजार जति विद्यार्थी त्यहाँ अध्ययन गर्थे । सो विशाल र रमणीय क्षेत्रमा सुवर्ण स्तूप निर्माण गर्न बौद्ध विद्वान् फग पाले सम्राटसँग अनुमति मागेपछि अद्वितीय प्रतिभाका धनी अरनिकोलाई त्यहाँ बोलाइएको थियो । ललितपुरको सामान्य परिवारमा जन्मेका अरनिकोले हजारौं किलोमिटर पैदल यात्रा गरेर विकट भूगोल, खराब मौसम र अनेक कष्टको सामना गर्दै लक्ष्यमा पुग्ने प्रण गरे । ललितपुरमै ती कलाकारको सुन्दर प्रतिमा बनाएर संक्षिप्त इतिहास अंकित गरियो भने आजका युवा र भावी पुस्तालाई ठूलो प्रेरणा मिल्ने थियो । संसारले उनको महिमा बुझ्ने थियो ।

राजा भीमदेव मल्लको राज्यकाल (सन् १२५८-७१) चलिरहेका बेला अरनिको चीन गएको बुझिन्छ । नेपालका राजा र चीनका सम्राट कलाका पारखी भएकै कारण नेपालको पहिलो प्रतिनिधिमण्डल चीन पुगेको थियो भन्ने इतिहासकारको मत छ । बौद्ध धर्ममा दीक्षित कुबलय खाँ जति वीर, पराक्रमी थिए, उति नै ज्ञानपिपासु थिए भन्ने कुरा उनको दरवारमा ज्ञानीजनको सत्कार गरिएका अनेक प्रसंगबाट पुष्टि हुन्छ । सभ्यले मात्र स्रष्टाको सम्मान गर्न जानेको हुन्छ ।

प्रसिद्ध सम्राट चंगेज खाँको मृत्युपछि उनका छोरा ओग्दोइ सम्राट भए । उत्तरी चीन उनको अधीनमा थियो । ओग्दोइका भतिजा मानगुले बाँकी क्षेत्रमा शासन गरे । सबैतिर दृष्टि दिन सम्भव नभएकाले समग्र चीनको शासन/प्रशासनको दायित्व मानगुले आफ्ना भाइ कुबलय खाँलाई सुम्पिए । सन् १२५९ देखि १२९४ सम्म उनले कुशलतापूर्वक शासन गरेको इतिहास छ ।

माओले सन् १९४९ मा शासन गर्नुभन्दा ६९० वर्ष पहिलेदेखि नेपाल र चीनबीच अनुपम सम्बन्ध रहेको पाइन्छ । फग पालाई राजगुरु मानेका कुबलय खाँले गुरुको सिफारिसमा अरनिकोलाई अतुल्य र अनुपम महाबिहार बनाउने जिम्मेवारी दिनु नेपालप्रतिको विश्वास हो भन्ने बुझ्नुपर्छ । राजगुरु नै कुलपति रहेको विश्वविद्यालय **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# फेरि पनि कोरोनाकै त्रास

कोरोना महामारी हाम्रो दैलोमा पुनः आइपुगेको छ । पछिल्लो २ दिनमा २ जनाको ज्यान गएको समाचार प्राप्त भएको छ । परीक्षणमध्ये करिब १६ प्रतिशत हाराहारीमा संक्रमण देखापर्न थालेको छ । जबकि ५ प्रतिशतमाथि संक्रमण देखिनुलाई विश्व स्वास्थ्य संगठनले खतराको रूपमा लिने गर्छ । यो बेला सामान्य हेलचेक्र्याइँले पनि प्राण लिन सक्छ । मठमन्दिर र भीडभाड हुने स्थानलाई निषेध गरेर कोभिडलाई नियन्त्रण गर्न सम्बन्धित निकायले बेलैमा सचेत हुन जरूरी छ । साउन महिनाभरि मठमन्दिरमा भक्तजनहरूको भीड लाग्ने गर्छ । स्वास्थ्य सावधानी अपनाउन नागरिक स्तरबाट आफैं सचेत हुन जरूरी छ ।

जनतामा सचेतता नभएको मात्र होइन सरकारले पनि जनतालाई सचेत गराउने खालका कुनै सन्देश हालसम्म प्रवाह गरेको पाइएको छैन । कोरोना संसारमा पछिल्लो समयमा फैलिएको सबैभन्दा भयावह महामारी हो । एकताका संसारमा प्लेग, बिफर जस्ता महामारी फैलिएका थिए र ती महामारीबाट धेरै मानिसको ज्यान गएको थियो । हाल ती रोगहरू उन्मूलन भएका छन् तर विज्ञहरूको रायमा कुनै महामारी एकपटक देखापरेपछि जति नै त्यसलाई उन्मूलन गरियो भने पनि त्यो उन्मूलन भएको हुँदैन नियन्त्रणमात्र भएको हुन्छ ।

अठारौँ शताब्दीमा फैलिएर उन्मूलन भयो भनिएको प्लेग पुनः एक्काइसौँ शताब्दीमा केही ठाउँमा फाट्टफुट्ट देखिएको थियो । अहिले फेरि अष्ट्रेलियामा प्लेगका लक्षणहरू देखापरेको भनेर सतर्कता अपनाउन थालिएको छ । त्यसरी हेर्दा यस्ता ठूला खालका महामारीहरू निर्मूल भए भनिए तापनि ती खरानीमुनि छोपिएको आगो जसरी रहिरहन्छन् भन्ने देखिन आउँछ । त्यतिमात्र होइन सोच्दै नसोचेको र कल्पनै नगरेको महामारी पनि एकाएक देखिन सक्छन् । कोरोना यस्तै एउटा महामारी हो जो चीनमा अचानक देखिन आयो र संसारव्यापी बन्यो । सावधानी अपनाएको र लापरबाही गरेको आधारमा कतै यसले बढी नै क्षति पुऱ्यायो भने कतै कम । विभिन्न लहरमा आएको अनेकथरि भेरियन्टले हाम्रो देशमा पनि निकै नै क्षति पुऱ्यायो ।

यसको भौतिक क्षतिको त लेखाजोखा नै गर्न सकिँदैन यसका साथै ठूलो मानवीय क्षतिसमेत पुऱ्यायो । यसविरूद्ध खोपको आविष्कार भएपछि पनि हाम्रोमा आइपुग्न केही समय लाग्यो । पहिलो र दोस्रो मात्रा खोप लगाइसकेपछि भने जनजीवन आश्वस्त बनेको छ तर कोरोना संक्रमण कम भएपछि त्यताबाट सबैको ध्यान हट्न पुग्यो । खोप लगाएकाहरू त्यसै ढुक्क हुने नै भए लगाउन नपाएकाहरू पनि त्यतातिरबाट आफ्नै दैनिकीतिर मोडिन पुगे । कतिपयले अझै खोप लगाउन पाएका छैनन् । मान्छे संक्रमित हुने र मर्ने गरेका दैनिक समाचार आउन छाडेपछि मानिसको त्यतातिर ध्यान जाने कुरा भएन । पेसा, व्यवसाय गरेर जीविका गर्नेतिरै ध्यान जानु स्वाभाविक हो ।

सरकारले गत चैत मसान्तसम्ममा सबै नागरिकलाई कोरोनाविरूद्धको खोप दिइसक्ने भनेको थियो तर यसको संक्रमण शून्य जस्तै भएपछि सरकारले त्यसतर्फ ध्यान दिन छोड्यो । पुनः यसको संक्रमण फैलिन थालेको छ र पछिल्लो समयमा एकैदिन ४५७ जनामा कोरोना संक्रमण पुष्टि हुन पुगेको छ । निश्चय यो सामान्य अवस्था होइन । जाँच नगरेकाहरूमा पनि संक्रमण होला, नहुने कुरै छैन । जाँच गरिएकामध्ये यति धेरै जनामा संक्रमण पाइनुले हामीलाई फेरि झस्काएको छ । विगत वर्षको सम्झना गराएको छ । यो दर दश प्रतिशतको भनिएको छ । कुरो के रऱ्यो भने यो दर बढ्दै गयो भने पुनः पहिलेकै संख्यामा पुग्न धेरै समय नै लाग्ने छैन ।

# आमा ! तिमीलाई मोक्ष मिलोस्



**सुरेन्द्र ढकाल**

**सन्दर्भ : मातृशोक**

आमा, तिमी २०१२ सालतिरको नेपालमा सबैभन्दा पहिले प्राथमिक शिक्षण प्रशिक्षण **(Normal Training)** लिने पहिलो समूहकी महिलाहरूमध्ये एक थियौ । तालिम लिन चावहिलबाट साइकल चढेर छाउनी पुग्थ्यौ, सायद नेपालमा साइकल चढ्ने पहिलो महिला पनि तिमी नै थियौ होला । जागिरको सुरुवात टेलिफोन एक्सचेञ्जबाट सुरु गरेको कारण राजारानीहरूले पनि तिमीसँग आआफ्ना मान्छेका फोन नं. सोध्दथे रे । बुबा वासुदेवसँग १३ सालमा विवाह गरेपछि बुबाको दबाबमा तिमीले जागिर छोड्न पऱ्यो । पुरै गृहणी भयौ । नर्मल तालिम लिएकै कारण तिमीले मलाई ३ कक्षासम्म घरमै पढायौ । त्यतिखेर बिजुली थिएन, मट्टितेलको टुकीमा बुबाले १६ सयमा किनेको बानेश्वरको पराले घरको एक कोठामा तिमी मलाई लेख्न सिकाउँथ्यौं । रत्नराज्य स्कुलमा तिमीले मलाई ६ वर्षको उमेरमा एकै पटक ४ कक्षामा भर्ना गरिदियौ । स्कुलको पहिलो दिन तिमीले मलाई स्कुलमा लगेर छोडिदियौ । कक्षामा बस्ने बानी नपरेको म रुँदैरुँदै तिम्रो पछि पछि घर फर्किएँ । तिमी रिसले आगो भयौ, नांगेझार बनाइ पहिले मलाई सिस्नोपानी लगायौ अनि पछि आफैं रोयौं । त्यसपछि म कहिले स्कुलबाट त्यसरी फर्कने काम गरिनँ ।

एकपटक मैले माथि बुइँगलमा लुकेर चुरोट खाएको भेट्दा तिमीले मलाई कुटेको अहिलेसम्म पनि बिर्सेको छैन । त्यसपछि मैलै चुरोट खाने बानी कहिले बसालिन । पढ्न मलाई पटक्कै मन लाग्दैनथ्यो । गुच्चा, कित्ता, खबटा, खोपी, ह्वाक्र्याङ खेल्नमा नै दिन बित्थ्यो । पछि त खहरेपारीका केटाहरूसँग ग्याङफाइट गर्ने शोख पनि ममा विकास भएको हुँदा मेरो टाउको नफुटेको दिन हुन्नथ्यो । घाइते भएर घर फर्कंदा अनि त्यसमाथि तिम्रो चुटाइ बेग्लै हुन्थ्यो । हजुरबुबा माधवप्रसाद ढकाल प्रसिद्ध ज्योतिष हुनुहुन्थ्यो । मलाई गायत्री मन्त्र सुनाएको गुरु पनि । एकदिन तिमीले मलाई कुटिरहँदा टुप्लुक्क हजुरबुबा हामीकहाँ आइपुग्नुभयो । अनि बुहारी यसलाई नकुट यो ठूलो मान्छे हुन्छ तँलाई धेरै सुख दिन्छ भनेर मेरो बचाउ गर्नुहुन्थ्यो । म नपढी, नपढी रत्नराज्यबाट लुम्बिनी ग्रामको स्कुल, अनि पद्ममोदय, त्यहाँबाट विजय मेमोरियल अनि फेरि पद्मोदय गर्दागर्दै १२ वर्षको उमेरमा एसएलसी दिएको थिएँ । पढे पो पास हुनु, एक पटक होइन तीन तीन पटक एसएलसीमा असफल हुँदा छ्या.. कस्तो छोरो जन्माएँछु भनेर तिमी आफैंलाई धिक्कार्थ्यौ । मलाई पढनुपर्छ भन्ने होस नै भएन ।

३० सालमा बुबा सरुवा भएर पोखरा जानु भयो । हामी बुबासँगै पोखरा गयौं । केही हप्तापछि ठूल्दाई उपेन्द्रको विवाहको लागि भनेर सबै काठमाडौं आए । म पोखरामा बुबाको क्वार्टरमा काम गर्ने पियन केटा नन्दलालसँगै बसेँ । त्यतिखेरै एसएलसीको रिजल्ट भएछ । लाटोको खुट्टा बाठोमा पऱ्यो भनेजस्तो भयो । म तेस्रो डिभिजनमा एसएलसी पास भएँछु । मेरो मार्कसिट र क्यारेक्टर सर्टिफिकेटसहित दाइको विवाहको भाग एक रेडिमेड कमिज लिएर तिमीहरू पोखरा फर्क्यौ । जावो तेस्रो डिभिजनमा २९० फुलमार्क ल्याई पास भएको छोराप्रति तिमी यति हर्षित थियौ कि हो न हो मैलै वोर्डफस्ट नै गरेँ भन्ठान्यौ तिमीले । त्यसपछि बल्ल ममा पढ्नुपर्दो रहेछ भन्ने चेत खुल्यो ।

पृथ्वीनारायण क्याम्पस पोखराबाट मैले क्लासटप गरी प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेँ, पाटन क्याम्पसबाट डिप्लोमा तह गर्दै कीर्तिपुर क्याम्पसबाट प्रथम श्रेणी (मेरिट) डिग्री गर्दा म बल्ल २१ वर्ष पूरा गरेको थिएँ । मेरो सफलताले तिमी कति आनन्दित हुन्थ्यौ अहिले पनि म झलझली तिम्रो खुसीको अनुहार सम्झन्छु । डिग्री सक्दा नसक्दै सानो बुबा लक्ष्मण घिमिरेले उहाँको निजी फर्म इस्ट कन्सल्टमा मलाई रिसर्च असिस्टेन्टको काम दिनुभएको थियो । मैलै थोरै भए पनि कमाउन थालेँ, तिमी झन् खुसी हुन थाल्यौ । एक बिहान तिमी डेरीको दूध लिन गएकी थियौ, म बिहानै दौडेर आएर थाकेर कोठामा आइ आराम गर्दागर्दै निदाएँछु । छिमेकी तथा अलिपरको नातेदार शिवप्रसाद



पराजुलीले नानी तिम्रो छोराले लोकसेवाको शाखा अधिकृतको लिखित परीक्षामा नाम निकालेको छ, बधाई तिमीलाई भन्नुभएछ । त्यसपछि त के चाहियो तिमी दौडँदै आई मलाई ब्युँझाई खुसीको त्यो खबर सुनायौं । तर मैले भने लोकसेवा पास गर्छु होला भनेर सपनामा पनि सोचेको थिइनँ । अरु कुनै सुरेन्द्र ढकालले पास गऱ्यो होला भन्ने पऱ्यो । हत्तपत्त खाना खाई कमलपोखरीस्थित लोकसेवा आयोगको सूचना पाटीमा टाँसेको रिजल्ट र आफ्नो परीक्षाको सिम्बल नम्बर मिलेको देखेपछि बल्ल मैले पास गरेँछु भन्ने मलाई विश्वास भयो । २२ सय जनाले दिएको लिखित परीक्षामा २९ जनाको नाम निस्केको थियो । मेरो १३ औं नम्बरमा रहेछ । त्यसको एक महिनाभित्रै उत्साहित हुँदै आइक्यु र अन्तर्वार्ता दिइयो । अन्तिममा नाम निस्कँदा म १३ बाट ९ नम्बरमा आइपुगेँ छु । तिम्रो खुसीको सीमा नै थिएन, २३ वर्षको छोरा शाखा अधिकृतको आमा बन्न पाएकोमा ।

उमेर कमै भएको र वृत्ति विकासमा जोड दिनुपर्छ भनेर मोहनबहादुर पाण्डे फुपाज्यूले सामान्य प्रशासन मन्त्रालयमा नै बस्ने व्यवस्था मिलाइदिनुभएको थियो । सो अनुरुप मेरो नियुक्ति त्यही मन्त्रालयमा भयो । २०३९ सालमा शाखा अधिकृतको महिनाको तलव ७५० रुपैयाँ थियो । ५०० रुपैयाँ तिमीलाई बुझाएर २५० ले आफ्ना सबै खर्चहरू पुऱ्याउँथे म । अनि तिमीचाहीँ मख्ख पर्थ्यौ आर्थिक रुपमा शशक्तिकरण भएकोमा । जागिरको तीन वर्ष पुग्ने बित्तिकै इटली सरकारको छात्रवृत्तिमा छानिएर म इटली पढ्न जाने भएपछि तिम्रो खुसीमाथि खुसी थपिएको थियो । कुनै बेला छ्या कस्तो छोरा जन्माएँछु भनेर आफैंले आफैंलाई धिक्कार्ने तिमी मैलै पाएको एकपछिको अर्को सफलताले गर्दा तिमी गर्वले फुलेकी थियौ ।

पढ्ने क्रममा इटलीपछि म जर्मनी पुगेँ । अनि सिस्टर (सानोमुमा) सँगै तिमी दुईलाई मैले जर्मनी बोलाएँ । फ्रान्कफर्ट विमानस्थलमा मलाई छोरा बनाउने जर्मन बाबु भाल्टर र आमा एडिथसँगै म तिमीहरूलाई लिन बिहानै फ्रान्कफर्ट पुगेको थिएँ । शाही नेपाल वायुसेवाको बोइङ चढेर तिमीहरू जर्मनी आइपुग्यौ । त्यतिखेरको हामी ५ को मिलन कति सुखदायी थियो हगि ? एक महिना युरोप बस्दा मेरी महिला मित्र मोनिका क्लेमस्टाइनले तिमीहरू दुईजनालाई आफ्नै कारमा राखेर उत्तरी जर्मनी, नेदरलैण्ड, लक्जेमवर्ग, फ्रान्स, स्वीटरजरलैण्ड घुमाइदिएकी थिई । जर्मन बाबुआमाले तिमीहरूलाई म्युनिख र अन्य सहर घुमाइदिएका थिए । जर्मनीबाट पढेर म नेपाल फर्कंदा स्नातकोत्तरको प्रमाणपत्र मात्र नभई जर्मन बुहारी तिमीलाई ल्याइदिएको थिएँ । सुरुमा तिमी मसँग त्यति खुसी थिइनौ, तर पछि नेपाली बुहारीभन्दा जर्मन बुहारी मोनिका नै तिम्रो प्रिय भएकी थिइन् ।

सन १९९३ मा छोरी सुमोनाको जन्म भएपछि नातिनी पाउँदा तिमी धेरै खुसी भएकी थियौ तर तिम्रो खुसी धेरै टिकेन । त्यतिखेर नेपालमा १८ घण्टासम्म लोडसेडिङ हुन्थ्यो, कहिले बिजुली छैन कहिले धारामा पानी छैन । तिम्री जर्मन बुहारी वाक्क भइन । अनि मैले नै मोनिकालाई मित्रवत पारपाचुके गरेर छोरी लिएर जर्मनी जाने सल्लाह दिएँ । मोनिका र नातिनी सुमोनाले नेपाल छोड्न लाग्दा तिमी न्याउरो अनुहार बनाएर रुन मात्रै सकेकी थिइनौ । मोनिकाले छोडेर गएपछि पनि मैले डेरा भने छोडिनँ । तिम्रै मायाको कारण एक छाक भात खान म दिनहुँ तिमीकहाँ घरमै आउँथें । कहिलेकाहीँ बुबा र तिमी भान्सामा खाइरहँदा म आइपुग्थे । तिमीहरू मलाई विदेशीको श्रीमान अनि जनै नलगाएको कारण भान्सामा जान दिँदैनथ्यौ । के थाहा कुनै दिन यस्तो आउने छ जब यो छोराले पकाएको हामीले खानुपर्छ भन्ने सायद तिमीहरूले सपनाभित्रको सपनामा पनि सोचेका थिएनौ होला ।

तिमीहरू खाना खाएर बाहिर निस्केपछि म खान बस्थें अनि खाउञ्जेल तिमी मेरो छेउमा उभिन्थ्यौ । भाइ नरेन्द्रले पनि तिमीलाई खुबै माया गर्ने हुँदा म निश्चिन्त थिएँ । आफ्नो एक्लो स्वतन्त्र जीवन खुसीसाथ बिताइरहेकै थिएँ । मोनिकासँग पारपाचुके भए पनि मित्रवत सम्बन्ध कायमै हुँदा नेपाल जर्मनी आवतजावत भइ नै रहन्थ्यो । बहिनी शैलिनीलाई त मोनिकासँग विवाहको सन्दर्भ बन्दै जाँदा सो क्रममा नै मैले जर्मनी लगेको थिएँ, अर्की बहिनी चाँदनी र मीना दिदीलाई पनि कालान्तरमा मैले जर्मनी घुमाउने अवसर दिलाएँ यो मोनिकाकै कारण सम्भव भएको थियो । पछि फ्रान्कफर्टकी डेन्टिस्ट सुसानाले मेरो जीवनमा प्रवेश गरेपछि मोनिकासँगको मित्रवत सम्बन्ध रोकियो र हामी एक अर्काको शुभेच्छुकमा सिमित हुन पुग्यौं । तिमीले भारतमा तिर्थयात्रा गर्ने इच्छा व्यक्त गऱ्यौ । नास्तिक भए तापनि मैले तिम्रो इच्छा आर्थिक रुपमा पुऱ्याइदिएँ ।

२०६९ सालले मेरो जीवनमा नयाँ झड्का दियो । मभन्दा २ वर्ष १० महिना कान्छो भाइ नरेन्द्र हामी सबैलाई छोडी परलोक भयो । तिमी खुबै रोयौ । तिमीलाई अँगालोमा बाँधेर मैले अब नरेन्द्र र सुरेन्द्र दुबै मै हुँ नरोउ भनेँ । तिमीले मलाई सम्झेर विस्तारै चित्त बुझाउन थाल्यौ यद्यपि म सुत्न भने डेरामै जान्थे । ७२ सालको भूकम्पले बुबाको मानसिक अवस्था नराम्रै हल्लाइदियो । बुबा नांगै दौडिने, सबैप्रति आक्रामक हुने कारण बुबालाई देखेर सबै भागाभाग हुने अवस्था आयो । नरेन्द्रको परिवारले पनि मूल घर छोडी मैतिदेवीको आफ्नो घरमा सरेपछि, तिमीहरू निसहाय हुन पुग्यो अनि म डेरा छोडेर आई तिमीहरूको ओछ्यानसँगैको सोफामा सुत्न थालेँ ।

तिमी प्रेसर, सुगर, जोर्नी, मुटु, फियो, पाचन प्रणालीको समस्याजस्ता थुप्रै रोगहरूबाट ग्रसित हुँदै गयौ । तिम्रो तल्लो हर चल्न छोड्यो । बोकेरै मैले तिमीलाई शौचालय, भान्छा गराउने, तल घाममा ल्याउने–लग्ने गर्न थालेँ । मैले आफ्नो समय पूरै तिमीहरू दुई जनाको सेवामा लगाएँ । बाबु म बाँचेर मलाई पनि गाह्रो तिमीलाई पनि गाह्रो, मर्न पाए पनि हुन्थ्यो भन्थ्यौ तिमी, म हाँसोमा उडाइदिन्थेँ । आषाढ १४ को दिन बहिनी चाँदनीले तिमीलाई अर्की बहिनी शैलिनीले ल्याइदिएको पहेंलो गन्जी र सुरुवाल लगाइ, अनुहारमा क्रिम दलिदिएपछि तिमी निकै सुन्दर देखिएकी थियौ । चाँदनीले आफ्नो र तिम्रो फोटो खिची फेसबुकमा पोस्ट गरेपछि तिमी खुबै रमाएकी थियौ । हामी दुईले तिमीलाई जिस्क्यायौं । तिमी हाँसिरह्यौ । के थाहा त्यो तिम्रो अन्तिम हाँसो थियो भनेर ।

बेलुका ५ बजेपछि तिमीले अमिलोपानी वमन गर्न सुरु गऱ्यौ । नजिकैको छिमेकी औषधी पसलका अनुभवी कम्पाण्डर लक्ष्मीलाई बोलाएर ब्लड प्रेसर जाँच्दा ९० र ६० रहेछ । एसिडिटी अकमास्त बढेको तर खतरा नभएको उनले बताएपछि तिमीलाई मैले औषधि र जीवनजल दिन थालेँ । अमिलोपानी वमन तिमीले पहिले पनि धेरै पटक गर्थ्यौ, त्यसैले हामीले त्यसलाई सामान्य ठान्यौं । नभन्दै औषधी खाएपश्चात् तिमीलाई केही सहज अनुभव भयो । बहिनी चाँदनीलाई घर जाँदा हुन्छ भनी पठाइदियौ । मैले रोटी तरकारी बनाएँ । एक दुई टुक्रा आलु, रोटी र दूध खाइ तिमी विस्तरामा लेट्यौ । क्षणक्षण तिमीलाई असहज भएको मैले महसुस गरिरहेकै थिएँ । राति ९ बजे चाँदनीले फोन गर्दा तिमीले राति आउन पर्दैन, भोलि बिहान आउनु भन्यौ । तिमी सुत्यौ म तिम्रै छेउमा सधैंको जस्तो योगासन गर्न थालेँ । राति १ बजे तिमी उठ्यौ र भुइँमा ओछ्यान लगा भन्यौ । मैले त्यसै गरेँ । आधा ग्लास मनतातो जीवनजल पिइ तिमी फेरि सुत्यौ ।

यही क्रम राति साढे दुई-तीन बजेसम्म कायम भयो । बिहान पौने पाँचमा म तल ओर्लिएँ । महसहितको हर्बल चिया बनाइ बुबालाई औषधी र चेवनप्राससहित खुवाइ म तिम्रो छेउमा आएँ । तिमीले उठेर बस्ने मन गऱ्यौ । तिमीलाई उठाएँ, खुट्टा पसारेर तिमी बस्यौ । फेरि जीवनजल पिउँछु भन्यौ । पिलाएँ । तर त्यो जीवनजल फर्कियो, तिमीले वमन गऱ्यौ अनि सदाका लागि मेरो काँधमा टाउको लतरंग पारी छाड्यो र मेरो काखमा लड्यौ । पण्डित मदनलाई मैले भरोसा हस्पिटलबाट स्ट्रेचर ल्याउन भनेँ । चाँदनीलाई फोन गरी आउन भनेँ । भरोसा हस्पिटलले जाँचेपछि तिम्रो मृत्यु भएको घोषणा गऱ्यो । मृत्युको कारण चाहीँ ऋबचमष्बअ एगꞢयिलबचथ ब्चचभकत भनेर लेखिएको रहेछ । आमा, यति सजिलै मेरो काखमा तिमीले प्राण त्यागेकी रहिछौ । मलाई के थाहा तिमीले मलाई त्यति भाग्यमानी बन्ने अवसर दिन्छौ भनेर । धन्य छ तिमीलाई, तिमीले लगाएको गुन कहिले बिर्सने छैन । मैलै काजकिरिया नगर्ला कि भन्ने डर थियो तिमीलाई । त्यो सम्पन्न गरिदिएको छु । तिमी जहाँ भए पनि खुसी नै हौली भन्ने आशा गरेको छु । अर्को जन्म हुन्छ भने फेरि पनि तिमी मेरी आमा बनेर आऊ, होइन भने तिमीलाई मोक्ष मिलोस् ।

# मैले देखेको २१४ औं विश्व पर्यटकीय स्थल

# कायरो इजिप्टको पुरातात्विक संग्रहालय

सुरेन्द्र ढकाल


बाहिरबाट हेर्दा म्युजियमको अग्र भाग र त्यहाँ प्रवेश गर्न लामबद्ध पर्यटकहरू


म्युजिमभित्र जलकुम्भीले बनेका कलाकृतिहरू


म्युजियमभित्र रहेको खाफ्रेको मूर्ति


म्युजियमभित्र रहेको खुफूको मूर्ति


म्युजियमभित्र रहेको मेनकाउरे र उसकी रानीको मूर्ति


म्युजियमभित्र रहेको युया र थुयाको चिहान


म्युजियमभित्र रहेको टुटानखामुनका सालिक


म्युजियमभित्र रहेको शव राख्ने बाकस (सार्कोफागी)


म्युजियमभित्र संरक्षण गरी राखिएको शवहरू (मम्मी)


म्युजियमभित्र रहेका गरगहना र जुवाहरातहरू


म्युजियमको बगैंचामा रहेको इजिप्टसम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यक्तित्वहरूको सालिक

डिसेम्बर २०१६ मा इण्डोनेसिया र मलेसियाबाट फर्केपछि २०१७ मार्चको १८ देखि २५ तारिखसम्म प्राचीन मिश्र अथवा आधुनिक इजिप्टको भ्रमण गरी पिरामिड र स्वेज क्यानल अवलोकन गरेको कुरा विश्व आश्चर्यको खण्डमा मैले बताइसकेको छु। मार्च २६ का दिन पिरामिड अवलोकन गरेपछि २७ तारिखका दिन बिहानै ब्रेकफास्टपश्चात् हामीलाई कायरोस्थित मध्यपूर्वकै सबैभन्दा पुरानो पुरातात्विक म्युजियम देखाउन लगियो।

प्राचीन मिश्रका राजा फरावको पालाको उक्त म्युजियममा पूर्व डाइनास्टिकदेखि ग्रिक रोमन युगका पुरातात्विक वस्तुहरू संग्रह गरिएको रहेछ। म्युजियमको भवनको डिजाइन भने विश्वविख्यात वास्तुविदहरूबीच सन १८९५ मा अन्तर्राष्ट्रिय स्तरको प्रतिष्पर्धा गराई छानिएका फ्रेन्च वास्तुविद मार्सल दुर्गनोनले गरेका रहेछन्। यस भवनको उद्घाटन भने सन् १९०२ मा खेदिभ अब्बास हेल्मी द्वितीयले गरेका रहेछन्।

म्युजियमका अतुलनीय संग्रहमा माथिल्लो र तल्लो इजिप्टलाई एकै राजाअन्तर्गत ल्याई एकिकरण गर्ने युया र थुयाको चिहान पर्दो रहेछ। म्युजियमभित्रै कायरोको गिजामा रहेका विश्व आश्चर्य मानिने पिरामिड निर्माण गर्ने इजिप्टका राजा खुफु, खाफ्रे र मेनकाउरेका सालिकहरू पनि रहेछन्। त्यहाँ अवलोकन गर्नैपर्ने अन्य वस्तुहरूमा सामुद्रिक जलकुम्भी Papyri बाट बनेका कलाकारिता, लास राख्ने ढुंगा कुँदी बनाएका बाकस Sarcophagi र जवाहरातहरू लगायत एक लाख बीस हजार अन्य पुरातात्विक वस्तुहरू प्रदर्शनमा राखिएका रहेछन्। सन १८७८ मा नाइल नदीमा आएको बाढीको कारण त्यहाँ रहेको नयाँ म्युजियम क्षतिग्रस्त भएको कारण त्यहाँ भएका पुरातात्विक वस्तुहरूलाई पनि यही सारिएको रहेछ।

सन २०११ को इजिप्टको क्रान्तिताका म्युजियममा भएको तोडफोडको कारण दुइवटा मम्मी (नकुहिने गरी संरक्षण गरिएका शव) हरू र अन्य ५० पुरातात्विक वस्तुहरू विनाश गरिएका वा हराउन पुगेका रहेछन्। पछि २०१३ मा त्यसमध्ये केही वस्तुहरू फेला परेकोले जस्ताको तस्तै बनाई वर्णनसहित प्रदर्शनमा राखिएको रहेछ। यस्ता वस्तुहरूमध्ये विशेष गरी काठले बनाइ सुनले मोरेको राजा टुटानखामुनका सालिकहरू रहेछन्। त्यसै गरी सिसाभित्र संरक्षण गरिएको नुवियन राजा उसाब्ती र एक वच्चाको शव म्युजियमको अर्को आकर्षणको वस्तु रहेछ। म्युजियमको भुइँतलामा विशेष गरी ढुंगाबाट बनाइएका ग्रीक रोमन युगका पुरातात्विक वस्तुहरूको अतिरिक्त सन १५५० इशापूर्वदेखि १०६९ सम्मका सालिक, टेवल, र लास राख्ने बाकस संग्रहित गरिएको रहेछ।

पहिलो तलामा जलकुम्भीबाट बनेका वस्तुहरू, सिक्का, कपडा र काठका शव राख्ने बाकसजस्ता बहुमूल्य वस्तुहरूको साथै पछिल्लो मिश्रका दुई राजवंशको राजाहरूको चिहान अनि उनीहरूले प्रयोग गरेका वस्तुहरू संग्रहित भएका रहेछन्। त्यसको अतिरिक्त त्यहाँ दुई विशेष कक्षहरू रहेछन् जहाँ तत्कालिन राजा र राजपरिवारका अन्य सदस्यहरूको शव (मम्मी) हरू सुरक्षितपूर्वक राखिएका रहेछन्। म्युजियम भवनकै नजिक रहेको बगैंचामा इजिप्टसम्बन्धी अध्ययन अनुसन्धान गरी नाम कमाएका व्यक्तित्व (इजिप्टोलोजिष्ट) हरूको स्मारक रहेछ। हामी म्युजियम परिसरमा करिब दुई घण्टा जति बिताई होटल फर्कियौं र बाँकी समय आआफनै हिसाब किताबले कायरो शहरको केही भाग घुमफिर गरी बितायौं।

कथा

# समानता

भवानी क्षेत्री

ऊ मलाई औधी मन पर्छ , अति नै राम्रो लाग्छ । राम्रो होइन सुन्दर र सुशील पनि लाग्छ। यो संसारको सबैभन्दा असल सुन्दर सुशील, व्यवहारिक मान्छे उही हो । हो, केवल ऊ मात्र हो । यो संसारमा ऊ जस्तो गुणकारी मान्छे अरू हुनै सक्दैनन् । उसको हँसाइ, बोलाइ, हेराइ अति नै राम्रो छ । उसको सबै बानीव्यहोरा राम्रा छन् । खोट लगाउने ठाउँ कतै छैन ।

यो संसारमा ऊ जति इमान्दार कोही छ ? अहँ मलाई विश्वास छैन । जब म उसको सामुन्ने हुन्छु उसका आँखाभित्रै हराइदिउँजस्तो, उसका ओठहरूमा गएर बसी दिउँजस्तो, उसैलाई मात्र हेरिरहुँजस्तो हुन्छ मलाई । ऊ मेरा सामु हुँदा त्यसै-त्यसै टोलाउँछु, कताकता हराउँछु । यस्तो लाग्छ ऊ म हुँ र म ऊ हो ।

जब उसले 'तिमीबिना बाँच्न सक्दिन' भनेथ्यो पाउनु पर्ने सारा कुरा प्राप्त गरेझैं लागेथ्यो मलाई । संसारै जितेको अनुभूति भएथ्यो त्यो क्षण । आज पनि म आफूलाई भाग्यशाली ठान्दछु ।

एकान्तमा उसको हेराइ, बोलाइ, सम्झी-सम्झी रोमाञ्चित हुन्छु । एकान्तमा होस् कि भीडमा, दु:खमा होस् कि सुखमा जतिसुकै बेला म उसैलाई सम्झन्छु । हरदम हरपल ऊ मभित्र हुन्छ, हाँसिरहेको, बोलिरहेको । ऊ मबाट टाढा हुँदा कोसँग उसैका कुरा गरिरहुँझैं लाग्छ मलाई । ऊ बाट टाढा हुन पर जान पटक्कै मन लाग्दैन । टाढा गएँ भने पनि कहिले उसलाई भेटौं भन्ने हतारो र छटपटी भइराख्या छ ।

ऊ सधैं मभित्र हुन्छ त्यसैले जता हेरे पनि उसलाई मात्र देख्छु । जता पुगे पनि उसलाई मात्र भेट्छु । सायद यो गलत हो, मलाई कुनै पर्वाह छैन । ऊ भए पुग्छ अरू कोही चाहिँदैन अरू केही चाहिँदैन मलाई ।

हो, ऊ मेरो प्रेम हो । हो म उसकी प्रेमिका हुँ । उसको नाम कात्त हो । कार्त्तिक र मेरो भेट भएको एक वर्ष मात्र भयो तर यस्तो लाग्छ हामी जन्मनु अगाडिदेखि नै एक अर्कालाई चाहन्छौं । प्रेम गर्छौं, बोल्दा बोल्दै म झस्किएँ र सुकृतितिर हेरेँ । म पगलीजस्तो बोलिरहेकी थिएँ । ऊ मुसुमुसु हाँस्दै मेरो अनुहार हेरिरहेकी थिई । ऊ किन सधैं यसरी हाँस्छे ? ऊ किन यसरी हाँसेकी हो ? सायद उसलाई हाम्रो प्रेममा विश्वास छैन । नगरोस् विश्वास मलाई खाँचो पनि छैन । प्रतिक्रिया बिना नै मेरा कुरा सुनिदिन्छे ऊ यति भए पुग्छ मलाई ।

'सुकृति सुन त !' आफ्नो चञ्चलतालाई नलुकाई उसलाई सम्बोधन गरेँ मैले, 'भन त अझै कति भरिएकी छेस् ?' आफ्नो सस्मित हँसाई अझै बन्द गरिन उसले ।

'सुकृति आज म कति खुसी छु, मलाई'.'

'तँ खुसी हुन थालेकी झण्डै एक वर्ष भयो ।'

'आज कार्त्तिकले पहिलो पल्ट तिमी भन्यो मलाई ।'

'भोलि तँ भन्नेछ त्यो बेला पनि तँ यसरी नै खुसी हुनेछेस् ।'

'जानिनस् तैंले ।'

'त्यो भन्दा अगाडि पनि जान्दछ भनिदिउँ ?'

'ओ हो ! कुरा कता-कता नघुमान तँ ।'

'उसले आज तिमी भन्दा ऊ झन् मेरो नजिक भएको महसुस गरेँ मैले । उसले मेरा हात समाएर कैले टाढा नहुने वचन दिएको छ ।'

कहिले दु:ख नदिने कसम खाएन ? सुकृतिको प्रश्नमा आगोको राप थियो । म नाजवाफ भएँ किनकि कार्त्तिकले त्यो कसम खाएको थियो । म केही बोल्न नसकेर उठेर हिंडेँ ।

केही दिन सुकृतिसँग मेरो भेट भएन । यो बीचमा कार्त्तिकको सम्बोधन तिमीबाट तँ मा झरिसकेको थियो । यसपछि त उसले ढुक्कै तँ भन्न थालेको थियो । उसले यसरी तँ भन्दा मलाई पनि नराम्रो लागेन आफैलाई माया गरेको मान्छेले त तँ भन्छ नि । ऊ जति मेरो नजिक हुँदै गएको यति नै उसले तिमी र तँ भनेको थियो । उसले यसरी तँ भन्दा अझ बढी आत्मीय भएको समीप भएको ठान्छु म । ऊ मेरो अभिभावक हो, संरक्षक हो भन्ने लाग्छ मलाई ।

मनमा खेल्दै गरेको यी नानाभाँती कुराहरू कहिले सुकृतिलाई सुनाउनु जस्तो भएर आयो । अस्ति छुटिदा धाएर सुकृतिलाई अब कहिल्यै भेटिँदैन भन्ने लागेको थियो तर अहिले उसलाई कहिले भेट्नु र यो भरिएको मनलाई पोख्नु भइरहेको छ । वास्तवमा झनभरि प्रेम भएपछि संसार हेर्ने आँखा नै फेरिँदो रहेछ । सबै कुरा राम्रो मात्र सुन्दर मात्र लाग्दोरहेछ । दुश्मनहरू पनि मित्रजस्तो, उनीहरूसँग हाँसेर बोलौंजस्तो लाग्दोरहेछ । सबैलाई माया मात्रै गरौंजस्तो, जस्तै गल्ती गर्नेलाई पनि माफ गरिदिउँजस्तो हुँदोरहेछ । सुकृतिले मेरो प्रेमको कुरालाई पुरै उपेक्षा गर्छे तर पनि उसैलाई भेटौं लागिरहेछ । मनमा प्रेम भरिएर त यस्तो भएको होला नि ! ऊ सँग जति कुरा अरूसँग गर्न पनि सक्तिनँ । त्यसैले आज पनि खोज्दै ऊ कहाँ पुगेँ र भरिएको मन पोखिदिएँ । सबै कुरा सुनाइसकेपछि भनेँ तँलाई थाहा छ सुकृति हाम्री आमा भन्नुहुन्थ्यो, 'माया सधैं उँधो मात्र बग्छ रे ! त्यसैले ठूलालाई भन्दा सानालाई धेरै माया गरिन्छ रे ।'

'कार्तिकले मलाई तँ भन्दा त्यो तँमा त्यही माया देख्छु म ।'

'कार्तिकले तँलाई साँच्चै माया गर्छ ?' सुकृतिका गम्भीर ओठहरू खुलेर जिब्रो हल्लियो ।

'गर्छ, अत्यधिक माया गर्छ मलाई ।'

'तँ पनि उसलाई उति नै माया गर्छेस् ।'

'म आफूलाई भन्दा कार्त्तिकलाई बढी माया गर्छु, कुनै शङ्का ?'

'तेरो माया कसरी उँभो चढ्यो ?'

'ऊ मेरो भविष्यको लोग्ने हो, हामी जीवनभरिका साथी हौं ।'

'यसको मतलव बराबरी भूमिका रहन्छ तिमीहरूको हैन ?'

'अवश्य हो ।'

'त्यसो भा कार्तिकलाई पनि तँ भनेर म पनि धेरै माया गर्छु भन्ने कुरा देखाउन मन लग्दैन तँलाई ?'

'अँ कसरी तँ भन्न सक्छु र म ? ऊ त मेरो लोग्ने'.'

'लोग्ने र स्वास्नी भनेको मालिक र नोकर हो ?'

'आमा भन्नुहुँछ'..'

'के लोग्ने भनेको बा हो ? व्यङ्ग्य गर्दै सुकृतिले भनी ।'

'अँ त्यसो'..।'

'लोग्ने यदि बा हो भने स्वास्नी भनेको पनि त आमा हैन र ?'

सुकृति भन्दै गई, माया उँदै बग्ने हो भने लोग्नेहरूले त माया नपाउने भए नि ! सबै लोग्ने स्वास्नीभन्दा जेठा हुन्छन् । फेरि लोग्ने मालिक स्वास्नी दास वा लोग्ने हात्ती स्वास्नी भुसुना हुने भए जीवन सही ढङ्गले चलेन नि ! जीवनसाथी, सहयात्री एक रथका दुई पाङ्ग्रा जस्ता कुराहरू त सार्थक भएनन् नि ?

लोग्ने मान्छेले स्वास्नी मान्छेलाई जति बढ्ता माया गर्न थाल्यो उति होच्याउनै पर्ने ? स्वास्नीको माया त जति बढ्यो उति लोग्नेप्रति आदर र सम्मान बढ्छ नि हैन ? हिजो तपाई भन्नेले आज तिमी भोलि तँ भन्न थाल्छ । स्वास्नीले झैं आदर र सम्मान किन गर्न नहुने ? किन उसले चाहिँ होच्याउनै पर्ने । स्वास्नीको माया बढ्ता तिमीबाट तपाई, हजुर आइस्यो, गइस्यो हुँदै उँभो चढ्छ भने लोग्नेको माया भने तपाइँबाट तँतिर झर्छ । किन उसको प्रेम अपमान गर्दा देखिने र तेरो प्रेम सम्मानमा मात्र देखिने हँ ? खास कुरो त तँ जस्तालाई नबिझाउनु हो हामीले आफ्नो मान र सम्मान बचाउन नसक्नु र अपमानभित्र मात्र माया देख्नु हो । मायाको निम्ति पानी जस्तो तल तल बग्ने हाम्रो बानी नै नराम्रो । खोला जस्तो उँधो बग्छौं हामी, लहरा जस्तो अरूमा बेरिन्छौं हामी । यही हाम्रो कमजोरी हो बुझिस् ?

ओ हो, सुकृति ! कति ठिक कुरा भन्यौ तिमीले । अचानक पछाडिबाट कार्त्तिकको आवाज आयो । तर्सिएर सुकृति र आकृति जुरुक्क उठे ।

हो, सुकृति तिमीले ठिक कुरा भन्यौ । अकृतिलाई पछ्याउँदै आएको थिएँ । त्यसैले तिम्रो कुरा सुन्ने अवसर पाएँ । तिम्रा सबै कुरा सुनेपछि मेरा आँखा उघ्रिएका छन् । सम्मान पाउनका लागि अरूलाई पनि सम्मान गर्न जान्नुपर्छ । लोग्ने मालिक र स्वास्नी दास बन्ने कुरा मलाई पनि मन पर्दैन तर मलाई यो कुराको ज्ञान थिएन । तिमीले मेरो अन्तर्दृष्टि खोलिदिएकी छौ । अब उपरान्त म ध्यान दिनेछु । आकृतिको अपमान र मान हुने शब्द र व्यवहारतर्फ ।

'कार्तिक मलाई खुसी लाग्यो । तिम्रो यो युग सुहाउँदो विचार सुनेर । समय परिवर्तन गर्न तिमीहरूको सहयोगबिना सम्भव छैन ।'

'हो सुकृति सचेत मान्छेले नै चेतना बाँढ्नु पर्ने हुन्छ र समाजमा हामी पुरुषहरू नै सचेत भनेर चिन्छौं । तर चोट लाग्नेले पनि ऐया त भन्नुपर्थ् यो नि ! आज तिम्रो कुरा नसुनेको भए सम्बोधनभित्र पनि नारीको मान र सम्मान लुकेको हुन्छ भन्ने कुरा मैले कहिल्यै बुझ्ने थिइनँ । आजैबाट समानताको खोजी गर्ने तिम्रो कार्यलाई म साथ दिनेछु ।


आकृति अलमल्ल परेर केही पर उभिएकी थिई । कार्त्तिक र सुकृति नयाँ युगलाई नयाँ ढङ्गले हाँक्ने प्रतिबद्धता जाहेर गर्दै कसिला हातहरू मिलाउँदै थिए ।

नियात्रा

# स्मृतिको क्यानभासमा नयाँ रङ-८ (३)

✍ रामप्रसाद पन्त

'जन्मभूमिको फरकले मात्र प्रधानमन्त्री हुन नसक्ने देशको सरकारले नेपालको अङ्गीकृत नागरिकलाई पनि राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानसेनापति र मुख्यमन्त्री दिने व्यवस्था संविधानमा गरिनुपर्छ भनी सार्वभौम नेपाली जनताको संविधानमाथि धावा बोल्नु कहाँको नैतिकता हो ? हाम्रो संविधान ५९८ सदस्यमध्ये ५३७ ले हस्ताक्षर गरेको संविधान हो । म दावाका साथ भन्नसक्छु, भारतको संविधानभन्दा नेपालको संविधानमा जनहितका लागि आवश्यक एक बुँदा पनि कमी देखियो भने म आत्मसमर्पण गर्न तयार छु । हाम्रो संविधानमा पहाड मधेसको समस्या होइन, नियतमाथिको समस्या हो । पहाडीलाई काखा र मधेसीलाई पाखा पारिएको एउटा मात्र बुँदा देखाउनुस्, म प्रायश्चित गर्न तयार छु । आन्दोलन भएका जिल्ला नाकाहरूमा त सुरक्षा सङ्कट भएछ रे ! सीमा अवरोध नभएका नाकाहरूबाट सामान नेपाल किन भित्रिँदैन ? भारततर्फ पसेर भात खाने र नेपालतर्फ ढुङ्गा हान्ने शैलीको निर्देशन कहाँबाट भएको छ ?'




केशव बडाल बोलिरहँदा सभाहल स्तब्ध भएको थियो । राजदूत उपाध्यायले बडालकै कुरा पुष्टि गर्दै केही मन्तव्य दिएर सभा विसर्जन गरेका थिए । कतिपय भारतीय साहित्यकारहरू चियापान पनि नगरी निस्केका थिए । भएकाहरूले पनि सिधा नजरले हेर्न सकिरहेका थिएनन्, कोही हात मिलाउन हिच्किचाइरहेका थिए । प्रभावशाली भएको थियो कार्यक्रम ।

यति सानो कार्यक्रमको आयोजनाले पनि दुई देशबीचको सम्बन्ध सुधार्ने काममा महत्वपूर्ण भूमिका खेलेको महसुस गरिएको थियो । चियापानपछि हामी ६ जना दूतावासको गाडीमा पहाडगन्ज फर्केका थियौं ।

फर्कंदै गर्दा हाम्रो यात्राका बारेमा सङ्क्षिप्त मूल्याङ्कन भएको थियो । हामीबीच भएका कमीकमजोरीहरूलाई पनि औंल्याउने क्षमता हामीभित्रै हुनुपर्छ भन्ने पक्षमा थिएँ म । रामप्रसाद पन्तको बोलीलाई सम्मान गरेरमात्र आयोजना गरिएको, अन्यथा सम्भव थिएन भन्ने कृष्णप्रसाद ढकालका अभिव्यक्तिहरू अगाडि सार्दा कार्यक्रमको बेला अनभिज्ञ बनेका साथीहरूमध्ये एक जना बाहेक अरुमा चेतना खुलेको थियो ।

म त्यो रात होटलको खाटमा पल्टेर चिन्तन गर्दै थिएँ– मानिसको अनुहार गोरो चिल्लो हुँदैमा त्यसको भित्री कलुषता देख्न सकिँदो रहेनछ । मानिस मुसुक्क हाँस्दैमा त्यसको मन हाँसेको देख्न सकिँदो रहेनछ । कसैले मेरो परममित्र भनेर अँगालो मारे पनि उसको मनको अँगालोमा बाँधिन सकिँदो रहेनछ । बोलीको मधुरता र मनको दूरी छुट्याउन सिधा मन हुनेलाई गाह्रै पर्दोरहेछ ।

हामी दश दिन सँगै भयौं, सँगै खायौं, सँगै सुत्यौं, सँगै हिंड्यौं । अन्तिम दिन अर्थात् नोभेम्बर २ तदनुसार १६ कार्तिक २०७२ का दिन सँगै स्वदेश फर्कने योजनामा थियौं । वायुयान अडिने अड्डासम्म पनि सँगै पुग्यौं तर त्यहाँबाट एक जना साथी छुट्टिए । अचम्म लाग्यो । त्यस्तो गोप्यता के जरुरी थियो ? ठूलो देशको विमान चढ्दैमा कति हाइट बढेहोला ती मित्रको । सानै देश भए पनि आफ्नै देशको विमान चढ्दा हामीहरूको हाइट घटेजस्तो त लागेन, मलाई र अरु साथीहरूलाई पनि ।

नेपाल एयरलाइन्सको विमान एक घण्टा डिले भएछ । पवनजी र राधेश्यामजीले ढिलाइको फाइदा उठाए । ड्युटीफ्रीमा केही बोतल सोमरस किनेबापत पाइने सुटकेशसुविधा उपभोग गरे । डा.सुमन कताकता घुमे कुन्नि ! मोहनबहादुर कायस्थ र म चानुमानु लागेर बस्यौं । बसिबियालो त गर्नै पर्‍यो ! एक/एक कप कफी खाने सोच बनाउनुभएछ कायस्थजीले । मलाई थाहै नदिई जानुभएछ कफिस्टलतिर । म बसेकै ठाउँमा दुई हातमा दुई कप कफी बोकेर आउनुभयो । मेरो छुचो बोली निस्किहाल्यो – 'कति पर्दोरहेछ ?'

'दुई कपको रु. ५५०।-'

'भारतीय रुपैयाँ !?'

'कहाँ नेपाली चल्छ त यहाँ ?'

चार/पाँच सुप्कीमा गिलास रित्तियो । एक सुप्कीको ५० भन्दा बढी पर्‍यो क्यारे !

विमान चढेपछि सुनियो– वीरगन्ज भन्सार नाकामा आन्दोलनकारीमाथि गोली चलाउँदा एक जना भारतीय नागरिकको मृत्यु । त्यही घटनाले गर्दा नेपाल भित्रिन लागेका ट्रकहरू फिर्ता भए । भारतीय प्रधानमन्त्रीले नेपाली प्रधानमन्त्रीसँग टेलिफोन वार्ता गरे– 'यो के चाला हो ?'

मैले सोचेँ– 'कति मिठो खुवा मिल्यो भारतलाई !'

त्रिभुवन विमानस्थलबाट बाहिरिएर साथीहरूलाई बिदा गरिसकेपछि मभित्र एउटा तर्कना आयो– यात्रामा हिँडिसकेपछि जहाँतहीं मान्छेमात्र भेटिन्नन्, त्यहाँ पशुपन्छी, जन्तुजनावर, खोलानाला, रुखपातहरू सबै भेटिन्छन् । तिनीहरू हितकारी वा अहितकारी दुवै हुन सक्छन् । यस्तै एउटा तरङ्ग तरङ्गीत भएको थियो मेरो मनमस्तिष्कमा र दृष्टिगोचर हुन पुगेको थियो एउटा जन्तु । रातो पिरो अनुहारको लोर्के थियो त्यो जन्तु, जुन देख्दा राम्रो थियो । मैले पहिले त मित्रजातिको जनावर हरिण हो कि भनेर सोचेको थिएँ तर होइन रहेछ, त्यो त स्याल प्रजातिको खतरनाक जनावर पो रहेछ । मैले यस्तो जनावर यसअघि देख्दै देखेको थिइनँ । त्यसले मलाई अपलक ठूला ठूला आँखा लगाएर ङ्यार्ङुर्‍ग गर्‍यो । मन डराए पनि डराएको आभासै नदिई चुपचाप उभिएँ । ऊ आफ्नो बाटो लाग्यो । घर पुगिसकेपछि सम्झेँ– मित्र अर्जुन विरक्तिलाई । हिँड्ने बेलामा भन्नुभएको थियो – 'अपसकुन हुने बढी सम्भावना छ । पाइला पाइलामा विचार गर्नुहोला र बुद्धि पुर्‍याएर काम गर्नुहोला ।'

अहिले सम्झन्छु, संयम अपनाएकै कारण आक्रमणबाट जोगिएँ, अन्यथा त्यस डरलाग्दो जनावरले अचानक ममाथि आक्रमण गर्न लाग्यो कि भन्ने सोचेर प्रतिक्रियास्वरुप जवाफी कारबाही गरेको भए जे पनि हुन सक्थ्यो – ऊ घाइते वा म घाइते, उसको मृत्यु वा मेरो मृत्यु ।

तर म सकुशल घर पुगेँ– विरक्तिजीको अङ्कगणितमा गणना गरिए पनि ।

(समाप्त)

## समाचार संक्षेप

### १५ सहसचिवको सरुवा

काठमाडौं । सरकारले विभिन्न मन्त्रालय र निकायका १५ जना सहसचिवको सरुवा गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न निकायमा कार्यरत सहसचिवको काज सरुवा गरेको हो । मन्त्रालयका अनुसार पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलराम रिज्याललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरुवा गरिएको छ ।

यस्तै, संघीय मामिला तथा सामान्य मन्त्रालयका सहसचिव प्रदीप परियारलाई सहरी विकास मन्त्रालयमा सरुवा गरिएको छ भने सहरी विकास मन्त्रालयका सहसचिव विष्णुप्रसाद शर्मालाई अर्थ मन्त्रालय गण्डकी प्रदेशमा सरुवा गरिएको छ । अर्थ मन्त्रालय गण्डकी प्रदेशका प्रदेश सचिव वैकुण्ठप्रसाद अर्याललाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सरुवा गरिएको छ ।

संघीय मामिला तथा सामान्य मन्त्रालयका सहसचिव प्रकाश पौडेललाई रक्षा मन्त्रालयमा सरुवा गरिएको छ । यसैगरी, राष्ट्रिय समावेशी आयोगका शिवकुमार कार्कीलाई आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश १ विराटनगरअन्तर्गत सरुवा गरिएको छ । श्रम रोजगार तथा यातायात मन्त्रालयका प्रदेश सचिव दीपक घिमिरेलाई संघीय मामिला तथा सामान्य मन्त्रालयमा सरुवा गरिएको छ ।

रक्षा मन्त्रालयका कृष्णप्रसाद ज्ञवालीलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालमा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव केशवकुमार शर्मालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव रमाकान्त दुवाडीलाई खानेपानी मन्त्रालयमा सरुवा गरिएको छ ।

यस्तै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव सेवन्तक पोखरेललाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरुवा गरिएको छ । युवा तथा खेलकुद मन्त्रालयका सहसचिव लक्ष्मीप्रसाद भट्टराईलाई घोराही उपमहानगरपालिका, बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीलाई पोखरा महानगर र धरान उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेललाई वीरगन्ज महानगरपालिकामा सरुवा गरिएको छ ।

### नाम विवादमा परेपछि विभूषण अस्वीकार

काठमाडौं । सरकारले संविधान दिवसको दिन घोषणा गरी नयाँ वर्षको दिन प्रदान गर्ने विभूषण लिन २७४ जनाले अस्विकार गरेका छन् । सरकारले पछिल्ला वर्षहरूमा दलका पहुँचवाला नेता तथा कार्यकर्तालाई बढी विभूषण वितरण गर्दै आएको छ, जसको कारण 'विभूषण दिने मापदण्ड'का विषयमा प्रश्न उठ्ने गरेको छ ।

सरकारले विभूषणका लागि छनौट गरिएका नाम विवादमा परेपछि पछिल्ला वर्षहरूमा विभूषण अस्विकार गर्नेको संख्या बढ्न थालेको हो । महालेखापरीक्षकको कार्यालयले गत साता सार्वजनिक गरेको आफ्नो ५९औं वार्षिक प्रतिवेदनमा पछिल्ला वर्षहरूमा २७४ जनाले यस्तो विभूषण लिन नगएको उल्लेख गरेको छ ।

'विगतमा घोषणा भएकामध्ये १७६ मानपदवी, ३६ अलंकार र ६२ पदकसमेत २७४ विभूषण वितरण नभई मौज्दात रहेकोल उपयोगमा ल्याउन मिल्ने विभूषणको व्यवस्थापन गनुपर्ने देखिन्छ,' महालेखाले प्रतिवेदनमा भनेको छ ।

विभूषण ऐन, २०६४ मा चार प्रकारका १२ श्रेणीका मानपदवी, ९ प्रकारका अलङ्कार र १३ प्रकारका पदकबाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्याउने व्यक्तिलाई सम्मान गर्ने उल्लेख छ । विभूषण समितिले स्वीकृत गरेको मापदण्ड, २०७५ बमोजिम नाम सिफारिस गर्ने र नेपाल सरकारले निर्णय गर्ने व्यवस्था छ ।

सरकारले अनावश्यक व्यक्तिहरूलाई विभूषण प्रदान गर्दा विभूषणको महत्व घटेको र राज्यको खर्च पनि बढेको आरोप लाग्दै आएको छ । यसलाई महालेखाको प्रतिवेदनमा पनि समेटिएको छ ।

'विभूषण तयार गर्न लाग्ने लागत वर्षेनी बढ्दै गएकोले लागतमा कमी ल्याउने तथा विभूषित हुने संख्या निश्चित गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ,' महालेखाले भनेको छ ।

महालेखाका अनुसार घोषणा गरेका विभूषण तयार गर्न आर्थिक वर्ष २०७५/७६ मा ५ करोड ६९ लाख ७७ हजार रुपैयाँ, २०७६/७७ मा ८ करोड ५० लाख रुपैयाँ र २०७७/७८ मा १० करोड २२ लाख १६ हजार रुपैयाँ खर्च भएको छ ।

### श्रीलंकाको राष्ट्रपतिमा विक्रमसिंघे

श्रीलंकाको राष्ट्रपतिमा रनिल विक्रमसिंघे चुनिएका छन् । यसअघि प्रधानमन्त्री रहेका विक्रमसिंघेलाई त्यहाँको संसदले राष्ट्रपतिमा चुनेको हो । उनले संसदीय मतदानमा प्रमुख प्रतिद्वन्द्वी दुल्लस अलाहप्पेरुमालाई १३४ र ८२ मतान्तरले पराजित गरेको बिबिसीले जनाएको छ ।

श्रीलंकाको राजनीतिमा ४५ वर्षदेखि रहेका विक्रमसिंघे ६ पटकसम्म प्रधानमन्त्री बनिसकेका छन् । देश आर्थिक रूपमा टाट पल्टिएपछि त्यहाँ जनताले पूर्वराष्ट्रपति राष्ट्रपति गोटाबाया राजापाक्षे र स्वयं उनीविरुद्ध नै देशभर प्रदर्शन गरेका थिए । श्रीलंकाका पूर्वराष्ट्रपति राजापाक्षे गत हप्ता देश छोडेर भागेका थिए । विक्रमसिंघे श्रीलंकाली जनताको नजरमा अलोकप्रिय मानिएका छन् ।

### कांग्रेसको प्रमुख सचेतकमा यादव र सचेतकमा विश्वकर्मा

काठमाडौं । नेपाली कांग्रेसले संसदीय दलको प्रमुख सचेतकमा चित्रलेखा यादवलाई र सचेतकमा मीन विश्वकर्मालाई मनोनयन गरेको छ । बुधबार पार्टी अध्यक्ष तथा संसदीय दलका प्रमुख शेरबहादुर देउवाले यादव र विश्वकर्मालाई प्रमुख सचेतक र सचेतकमा मनोनयन गरेका हुन्।

संसदीय दलको संशोधित विधान २०७४ को धारा १३ को उपधारा २ बमोजिम यादव र विश्वकर्मालाई नियुक्त गरिएको अध्यक्ष देउवाले जनाएका छन्।

### पानी नउमाली नखान डाक्टरको सल्लाह

वर्षायाम सुरु भएसँगै रुघाखोकी, भाइरल ज्वरो, झाडापखाला, हैजा, जन्डिस, टाइफाइडका बिरामी आउने क्रम बढेको छ । यो समयमा अत्यधिक वर्षा हुने र जसका पानीका मुहानमा फोहोर हुँदा यस्ता समस्या बढ्ने गर्छन् ।

रोगको जीवाणु फैलाउन सक्ने भेक्टर लामखुट्टे, मुसाहरूको संख्या बढ्दा मलेरिया, डेंगु, स्क्रब टाइफस, चिकनगुनियालगायतका रोगले पनि प्रकोपको रूप लिन सक्छ । यसका साथै यो सिजन भनेको खेतबारीमा काम गर्ने समय पनि हो । जसका कारण फंगल इन्फेक्सन (हिलोले खाएको) चिलाउने रोग पनि देखिन्छ । फंगल इन्फेक्सन हुँदा छालालाई सुक्खा राख्नु नै यसको उचित उपचार हो ।

अन्य रोगबाट बँच्न भने यो समयमा खानेपानी र खानपानमा ध्यान दिनुपर्छ । खुला ठाउँमा, नढाकेर राखिएका ठेलामा राखेका खानेकुरा खानुहुँदैन । शुद्ध पानी पिउनुपर्छ । खानेपानीको स्रोतमा बाढी मिसिएको छ कि ? ढल निकास राम्रोसँग भएको छैन कि ? ख्याल गर्नुपर्छ । अहिले काठमाडौंमा हैजाको संक्रमण देखिएको एउटा कारण यो पनि हुन सक्छ ।

सबैभन्दा राम्रो पिउनेपानी सधैं उमालेर खायौं भने धेरै रोगबाट बच्न सकिन्छ । यसकारण भकभक उमालेको पानी मात्रै खान म सबैलाई अनुरोध गर्छु । दूषित पानी प्रयोग गरी बनाएको खाद्य पदार्थबाट पनि बच्नुपर्छ । झिंगा भन्किएका, बासी, सडेगलेको खानेकुरा खानुभएन ।

वर्षासँगै देखिने यी रोगहरूको पनि आफ्ना आफ्नै लक्षण हुन्छन् । भाइरल इन्फेक्सनले निमोनिया बनाउन सक्छ, खोकी लाग्नु, ज्वरो आउनु यसको लक्षण हो । टाइफाइट भयो भने टाउको दुख्ने, ज्वरो आउने, पेट दुख्ने हुन्छ ।

झाडाबान्ता भयो भने तारान्तार पखाला लाग्ने, उल्टी हुने र हैजा हुँदा जलवियोजन हुने हुन्छ । मलेरिया भयो भने कामजोर आउँछ । यसको असर दीर्घरोगका बिरामीहरूमा बढी हुन्छ । मुटु रोगी, क्षयरोगका बिरामी, क्यान्सरका बिरामीसँगै वृद्धवृद्धालाई विशेष ख्याल राख्नुपर्छ ।

# अनिकाल र द्वन्द्वको चपेटामा सोमालिया



विष्णु भट्टराई

पूर्वी अफ्रिकी राष्ट्र सोमालिया लामो समयदेखि सशस्त्र विद्रोहीहरूको चपेटामा छ। विद्रोही संगठन अलसबाब भने निकै शक्तिशाली मानिन्छ। अलसबाबले बम पड्काउने, निर्दोष



मानिसहरूको हत्या गर्ने, लुटपाट मच्चाउने जस्ता आतंककारी गतिविधि गरेर सरकारलाई चुनौती दिइरहेको छ। यसले यसै साता बम ब्लास्टिङ गराएर आधा दर्जन नागरिकको प्राण हरण गरेको छ। आदिवासी क्षेत्रहरूमा यसको विशेष वर्चस्व रहेको छ। गजब के छ भने सोमालियामा अन्न खान नपाएर दिनहुँ मानिस मरिरहेका छन् तर अलसबाबले भने अत्याधुनिक बन्दुकहरू बोकेर सरकारसँग लडिरहेको छ। उनीहरूले हतियार कसरी किन्छन्, पैसा कहाँ पाउँछन् ? कहाँबाट हतियार ल्याउँछन् अनि उनीहरूको युद्धको उद्देश्य के हो ? सोमालियाका जनतालाई थाहा छैन। अलसबाबको आक्रमणहरूका समाचारले विश्व सञ्चार क्षेत्रलाई मसला भने दिइरहेको छ।

केही दिनअघिको घटना हो, सोमालियाको एक अस्पतालमा खान र आवश्यक प्रसूति सेवा नपाएर एक महिला र नवजात शिशुले ज्यान गुमाउनु पर्‍यो। यो समाचारलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले प्राथमिकताका साथ प्रसारण गरे। तर यसको प्रभाव कतै पनि परेको देखिएन। विज्ञान प्रविधिको विकास चरमोत्कर्षमा



पुगिरहेको अहिलेको समयमा एउटी महिलाले सामान्य प्रसूति सेवा पाउन नसकेर प्राण त्याग्नुपर्छ। योभन्दा लाजमर्दो अवस्था अरु के हुन सक्छ ? दुनियाँमा महिला हक अधिकारका लागि भनेर काम गर्ने एनजीओहरूको बिगबिगी छ। महिलावादी अन्तर्राष्ट्रिय संघसंस्थाहरू छन्। तर सोमालियाको यो घटना उनीहरूका लागि असाधारण बन्न सकेन। संयुक्त राष्ट्र संघ समेतले एक्काइसौं सदीको यो लज्जास्पद घटनालाई गम्भीरतापूर्वक लिएको देखिएन। एक महिलाले सुत्केरी हुँदा खान नपाएर भोकभोकै मरेको यो घटना साच्ची हृदयविदारक छ। धनीका घरमा पालेको टाइसन कुकुरले दिनमा ६ केजी मासु खाने गरेको समाचार पढ्न पाइन्छ तर सोमालियाका महिलाहरू सुत्केरीमा उपचार सेवा त परै जाओस् भोकभोकै



तड्पी तड्पी मरिरहेका छन्। एकातिर गरिबी त्यस्तो छ, त्यहीँ फेरि सशस्त्र द्वन्द्व दन्दनाइरहेको छ। उफ, कस्तो होला त्यहाँको जनजीवन ?

सोमालियामा अनिकाल लागेको धेरै वर्ष भयो। प्रकृतिले पनि ठगेको छ, सोमालियालाई। पानी पर्दैन, अन्नबाली फल्दैन। जंगलका कन्दमूल पनि सकिए। जंगली पशुहरू र चराचुरुंगीहरू पनि देखिँदैनन् आजकल। शिकार गरेर पेट भर्ने त्यहाँका आदिवासीहरूको बिजोग हुने क्रम बढ्दो छ। भोकभोकै आन्द्रा सुकेर मर्दैछन् त्यहाँका बासिन्दा। राम्रा र स्वास्थ्य बच्चाहरू कतै देख्न पाँइदैन। कुपोषणले घिनलाग्दा छन् बालबालिकाहरू। दिनहुँ खान नपाएर मर्नेहरूको संख्या बढिरहेको छ। बाँच्नका लागि आफ्नै सन्तानको मासु खानुपर्ने नियति बन्दै छ सोमालियाबासीका लागि। यस्तो घटना घटेमा उनीहरूलाई दुनियाँले राक्षसको संज्ञा दिनेछन्। धार्मिक ग्रन्थहरूम वर्णन गरिएका राक्षस हुनेछन् उनीहरू। यस्तो



घटना भलै नघट्ला तर भोको पेटले जे पनि गर्न सक्छ भन्ने यथार्थतालाई बिर्सन सकिन्न। दुई वर्षको अवधिमा दुई लाख ६० हजार सोमालियाबासी खान नपाएर मरिसके। तीन वर्षअघि संयुक्त राष्ट्रसंघले एक अर्ब डलर खर्च गर्न सकिए सोमालियाको अनिकाल टर्न सक्ने भन्दै सहयोगका लागि आह्वान गरेको थियो। तर कुनै पनि धनी राष्ट्रले सोमालियालाई आर्थिक सहयोग गर्न चाहेनन्। राष्ट्रसंघले भनेको छ यदि सोमालियामा खाद्यान्न सहयोग नभएमा अब पाँच लाख मानिस भोकले मर्नेछन्। अर्थात् अहिले त्यहाँ पाँच लाख जनता मृत्युका मुखमा छन्। एकातिर आन्तरिक द्वन्द्वमा मारिनेहरूको संख्या बढ्दो छ भने अर्कातिर अन्नाभावले यति धेरै मानिसहरू मृत्युका नजिक पुगेका छन्। सोमालियाको यस्तो भयावह र दारुण स्थितिप्रति विश्वका धनी राष्ट्रहरूले रत्तिभर पनि ध्यान दिएका छैनन्। मानव सभ्यताले चरमोत्कर्षको रुप लिइरहेको वर्तमान समयमा सोमालियाको भोकमरिको अवस्था किंवदन्ती जस्तो बनिरहेको छ।

पूर्वी अफ्रिकी मुलुक सोमालिया लगायत अन्य आधा दर्जन मुलुकहरूमा भोकमरीको समस्या छ। यी देशमा चार दशकयता प्राकृतिक विपत्ति र गृहयुद्धले



मानवीय संकट गहिरिँदै गएको छ। यो खबर विश्व समुदायलाई थाहा नभएको अवश्य होइन। अझ सोमालिया लामो



समयदेखि खडेरीको मारमा छ। त्यहाँको जनजीवन अस्तव्यस्त छ र संकटमा छ। यदि त्यहाँ खाद्यान्न सहयोग उपलब्ध हुन सकेन भने सिंगो जनसंख्या नै भोकले मर्ने अवस्था आउन सक्छ। तर सोमालियालाई सहयोग गर्ने बारेमा विश्वका नेताहरूको ध्यान जान नसक्नु दुःखपूर्ण छ। धनी देशहरूले सहयोग गर्न इच्छा व्यक्त गरे सोमालियाको समस्या हुन धेरै दिन लाग्दैन। त्यहाँ समुद्री मार्गबाट वा हवाई मार्गबाट तत्काल खाद्यान्न पुर्‍याउन सकिन्छ। राष्ट्रसंघले बेलाबेलामा खाद्यान्न सोमालियामा पुर्‍याए पनि त्यो हात्तीको मुखमा जिरा हुने गरेको छ। एक अर्ब डलरको अभावमा एउटा प्राचीन सभ्यता बोकेको ऐतिहासिक मुलुक सोमालिया मानवविहीन बन्न सक्ने खतराको संघारमा देखिएको छ। धनी मुलुकका मानिसहरू धेरै खानपिनका कारण उच्च रक्तचाप र सुगरका रोगी भइरहेका छन् तर सोमालियाका जनताका खान नपाएर घुँडाका पाँग्रा निस्किरहेका छन्। आफ्नै शरीरका हड्डीले घोच्न थालेको छ उनीहरूलाई। बस्दा पनि चाक बिझाउँछ उठेर हिँड्ने तागत छैन आन्द्रा सुकेका छन्, भोकले। योभन्दा वीभत्स हालत अरु के हुन सक्छ सोमालियाबासीका लागि। भोकैले मर्नुपर्ने कस्तो नियति हो उनीहरूको ?

हालै गरिएको एक अध्ययनअनुसार अमेरिका, फ्रान्स, बेलायत, जर्मन, जापान आदि धनी मुलुकहरूमा कुकुर र बिरालाका लागि अर्बौं डलर खर्च भइरहेको छ। कुकुर र बिराला पालनमा सौखिन छन् धनी मुलुकका बासिन्दा। जबकि विश्वका एक करोड २० लाख जनता दुई छाक खान पाउँदैनन्। उक करोड मानिसले भोकभोकै रात गुजार्ने गरेका छन्। विश्वमा खाद्यान्नको अभाव छैन। विश्व जनसंख्या सात अर्बलाई खान पुगेर पनि बढी हुन्छ उत्पादित खाद्यान्न। धनी देशहरूले खाद्यान्न बढी भएर समुद्रमा फ्याँक्ने गरेका छन्। पशुपक्षी समेतले खाएर पनि बढी हुन्छ खाद्यान्न। तर खाँद्यान्न नपाएरै सोमालिया लगायत पूर्वी अफ्रिकी राष्ट्रका जनता मृत्युवरण गर्न बाध्य छन्। खाद्यान्नको वितरणमा ठूलो पक्षपात छ। धनी देशले उब्रेको खाद्यान्न पैसा पाए बेच्छन्, नपाए समुद्रमा हुत्याइदिन्छन्। गरिब देशहरूलाई खाद्यान्न सहयोग गर्न उनीहरूले मनवीयता देखाउँदैनन्। खाद्यान्न वितरणको असमानताले अनिकालग्रस्त क्षेत्रलाई सधैं प्रभाव पार्ने गरेको छ। पुँजीवादी देशहरूले गरिब देशका जनतालाई सहयोग गर्ने इच्छाशक्ति नराखेकै कारण सोमालियाको हालत चौपट भएको छ। धनी देशहरूका मानिसले कुकुर र बिरालापालनमा गर्ने खर्चको एक अंश पूर्वी अफ्रिकी राष्ट्रहरूलाई सहयोग गर्ने हो भने त्यहाँको भोकमरीको अन्त्य टाढा छैन।



विज्ञान प्रविधि र मानव सभ्यताको विकास जति उचाइमा पुगिरहेको छ, पूर्वी अफ्रिकी देशका जनताको हालत नारकीय बनिरहेकोमा मानव सभ्यताकै भारी बेइज्जत भइरहेको छ। मान्छे चन्द्रमामा र मंगलग्रहमा बस्ती बसाउने तरखर गर्दैछ। चन्द्रमालाई पर्यटकीय क्षेत्रका रुपमा विकस गरिँदैछ। भरपुर दाम हुनेले अब चन्द्रमामा सयर गर्ने भएका छन्। तर सोमालियाका जनता भने अन्न खान नपाएर एकपछि अर्को गर्दै यमलोक पुग्दैछन्।

चन्द्रयात्रा, मंगलग्रह खोजमा अर्बौं डलर खर्च भइरहेको छ। हो, चन्द्र धरातल मंगलग्रहमा मान्छे पुग्नुले मान्छेले प्रकृतिमाथि विजय गर्दै गएको खुसीको पक्ष छ तर यसमा खर्च हुने रकमले भोका पीडित पूर्वी अफ्रिकी देशका जनतालाई भने अवश्य खिज्याइरहेको छ। अर्को पक्ष पनि छ, धनी देशहरूले हतियार निर्माणमा मात्र खबौं डलर खर्च गरिरहेका छन्।

अमेरिका, रुस, चीन, जर्मन, फ्रान्स, बेलायत लगायतका धनी राष्ट्रहरू हतियार निर्माणको होडबाजीमा लागेका छन्। सबभन्दा बढी हतियार उत्पादन अमेरिकाले गरिरहेको छ। उसको हतियार बजार मध्यपूर्वका देशहरू रहेका छन्। अमेरिकी हतियार किन्न खाडी मुलुकका शासकहरू अत्यन्त लालयित देखिन्छन्। अमेरिकाले इजरायलमा जुन हतियार बेच्छ त्यस्तै हतियार चाह गर्छन् उनीहरू। तेल बेचेर धनी भएका खाडी मुलुकहरू तेल बेचेको पैसा अमेरिकी हतियार खरिदमा लगानी गरिरहेका छन्। यता अमेरिकी भने इजरायललाई शक्तिशाली हतियार आपूर्ति गरेर र सहयोगको राशि वृद्धि गरेर मध्यपूर्वमा इजरायललाई शक्तिशाली बनाइरहेको छ। वार्षिक खर्बौं डलर आम्दानी गर्छ अमेरिकाले हतियार बेचेर। रुसले इरानमा हतियार बेच्छ, सिरियामा बेच्छ। चीनले श्रीलंका, म्यान्मार, पाकिस्तान लगायतका एसियाली मुलुकहरूलाई हतियार बिक्री गरिरहेको छ। हतियार उत्पादन र बिक्रीबाट धनी देशहरू झन् धनी बन्दैछन्। अझ थुप्रै देशहरू परमाणु शक्ति सम्पन्न बन्न अरबौं डलर खर्च गरिरहेका छन्। हतियारमा खर्च हुनेमध्ये एकतिहाई अंश मात्र मानव कल्याणमा लगाइने हो भने विश्वमै गरिबीको अन्त्य हुन सक्छ तर धनी राष्ट्रहरू गरिब राष्ट्रका लागि लगानी गर्न रुचाउँदैनन्। ठूला समृद्ध मुलुकले युद्ध हतियार र अन्तरिक्ष अभियानका लागि गरेको खर्चमा थोरै मात्र कटौती गर्ने हो भने विश्वका कुनै पनि स्थानका लागि बासिन्दाले खाद्यान्नको संकटको सामना गर्नुपर्दैन। हतियार र युद्धमा खर्बौं डलर खर्च गर्ने समृद्ध देशहरूले मानवताका लागि एक अर्ब खर्च गर्न पनि नचाहँदा पूर्वी अफ्रिकी मुलुकहरूले भोकमरीसँग लडिरहन परेको छ। जुनसुकै देशका मनिस भए पनि जन्मेपछि मानवीय मूल्यमान्यता अन्तर्राष्ट्रिय कानुनअनुसार पेटभरी खान पाउनुपर्ने हो। तर मनवाधिकारको डंका पिट्ने वैभवशाली राष्ट्रहरू यसबारे मौन बस्नु सर्वथा आश्चर्य छ।

सोमालियामा पछिल्लो पटक देखिएको चरम मानवीय संकट एक अर्ब डलर खर्च गर्ने हो भने तत्कालका लागि टर्ने भन्दै ठूला देशलाई सहयोगका लागि राष्ट्रसंघले आग्रह गरे पनि त्यसको सुनुवाई भएको छैन। पूर्वी अफ्रिकी केही मुलुकहरू भोकमरी र द्वन्द्वको सिकार बन्दै आएका छन्। सन् २००५ मा नाइजेरियामा र सन् २००८ मा सुडानमा हजारौं मानिसहरू भोकभोकै मरे। कंगोमा सन् १९८९ देखि २००४ का बीचमा लाखौं मानिस खडेरीको चपेटामा निसासिए। स् १९८५-८८ र २000 मा इथोयोपियामा खाद्यान्न अभावले दश लाख मान्छे परमधाम पुगे। सन् १९६७-७० को खडेरीले बाइफामा दश लाख मान्छे खान नपाएर मरे। सन् १९७० मा युगान्डामा भोकमरीले हजारौं मानिस मरे। सन् १९९१-९२ मा सोमालियामा खडेरी परेर दुई लाख मानिस मरे। अहिले ५ लाख मानिस अनिकालले ग्रस्त छन्। सोमालियाको ठूला र सम्पन्न देशहरूले आर्थिक र खाद्यान्न सहयोग गर्न आवश्यक छ। मानवीय सभ्यताले जतिसुकै उचाइ ग्रहण गरे पनि सोमालियाको भोकमरीले त्यसलाई गिज्याइरहेको छ।

**(एजेन्सीको सहयोगमा)**

प्रेरक

## साधुको सल्लाह

एकपटक एक महिला एक साधुसित भेटघाट गर्न उनको आश्रममा पुगिन्। साँझको समय थियो। साधु भोजन गर्दै थिए। महिलाले बाहिरै बसेर सन्तको प्रतीक्षा गर्नु उचित ठानिन्। महिलाको साथमा उनको ७–८ वर्षका छोरा पनि थिए। महिलाले छोरालाई भनिन्- साधु महाराज भोजन गर्दै हुनुहुन्छ रे ! त्यसैले हामी उहाँको प्रतीक्षा गर्नेछौँ। भोजनको समाप्तिपछि नै उहाँले हाम्रो समस्याको समाधान गर्नुहुनेछ।

केहीबेरमा एक महिला कुटीबाट बाहिर आइन् र भनिन्- तपाईंहरू दुवैलाई महाराजले भित्र बोलाउनुभएको छ। महिला छोरालाई लिएर भित्र पसिन् र साधुको दर्शन पाएपछि उनले भनिन्- महाराज, मेरो छोरालाई अपचको समस्या छ। मैले यसलाई कैयौँ औषधी दिएँ, तर ठीक भएन। केही उपाय बताइदिनुपर्‍यो महाराज ! साधुले भने- ठीक छ, बाबुलाई लिएर भोलि बिहान आउनुहोला।

भोलिपल्ट महिला आफ्ना छोरालाई लिएर आश्रम पुगिन्। साधुले महिलाका छोरासित सोधे- बाबु तिमी सक्खर धेरै खान्छौ, हो ? बालकले हो भन्दै टाउको हल्लाए ! साधुले भने- त्यसो भए आजैदेखि सक्खर खान बन्द गर, सबै ठीक हुन्छ। बालकले हुन्छ भन्दै मुन्टो हल्लाए।

महिलालाई भने साधुको व्यवहार अनौठो लाग्यो। त्यति कुरा त उनले अघिल्लै साँझ पनि बताउन सक्थे। पटक-पटक आश्रमसम्म धाउनु पनि पर्दैनथ्यो। महिलाले साधुलाई भनिन्- महाराज, यत्ति कुरा त हजुरले हिजै बताउन सक्नुहुन्थ्यो नि, होइन ? साधुले भने- हिजो तपाईं आफ्ना छोरालाई लिएर आउँदा म भोजन गरिरहेको थिएँ। त्यतिखेर मेरो कचौरामा सक्खर थियो। यस्तोमा मैले सक्खर नखान सल्लाह दिएको भए उसले आफूचाहिँ सक्खर खान्छ, मलाई चाहिँ नखा भन्छ भनेर त्यसलाई व्यवहारमा अपनाउने थिएन। त्यसैले, मैले तपाईंलाई यसरी दुःख दिनुपरेको हो। साधुको यो भनाइ सुनेपछि महिला खुसी हुँदै उनलाई धन्यवाद दिएर घर फर्किइन्।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। अरूको विश्वासमा पर्दा धोका हुन सक्छ। टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। साँझदेखि परिस्थिति अनुकूल बन्नाले महत्त्वाकांक्षी काम गर्न सफल भइनेछ। तारिफयोग्य कामले प्रशंसक बढ्नेछन्। ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ।

### वृष

व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। श्रमको उचित मूल्यांकन हुनेछ। सञ्चित धनको उपयोगले फाइदा हुनेछ। सजिलै लक्ष्यमा पुग्न सकिनेछ। प्रतीक्षा गरिएको काम बन्नेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। साँझतिर खर्चको जोहो गर्न कर्जा लिनुपर्ला। धनमाल बाहिरिने समय रहेको हुँदा सतर्कता अपनाउनुहोला।

### मिथुन

प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ। व्यापारमा प्रशस्त फाइदा हुनेछ। विशेष भेटघाटले काममा उत्साह बढाउला। अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व हातलागी हुनेछ। साँझतिर आकस्मिक खर्च बढ्ने देखिन्छ। हातलागी भएको रकम सरसापटमा बाहिरिन सक्छ। स्वास्थ्यमा ख्याल गर्नुपर्ने हुन्छ। सानातिना चिन्ताले मनमा डेरा जमाउने छ।

### कर्कट

पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। परिस्थितिवश फाइदा नहुने काममा अलमलिनुपर्ला। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

### सिंह

स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूरा गर्न नसकिएला। न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला। समयको मागअनुसार चल्न नसक्दा पछि परिनेछ। साँझतिर सामाजिक कामको जिम्मेवारी आउला। चुनौतीभित्र अवसर खोज्ने समय छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम भने दोहोर्‍याउनुपर्ला।

### कन्या

घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। विशेष अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। साँझदेखि अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ने परिस्थिति रहला।

### तुला

प्रतिस्पर्धा गर्नुपरे पनि विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे लाभ हुनेछ। भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम सुरु हुनेछ। परिस्थितिको अनुकूलताले प्रतिष्ठा जोगाउन सफल भइनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। यात्राको प्रक्रिया अघि बढ्नेछ। पुरुषार्थी काम सिद्ध गर्ने समय छ। साँझतिर प्रियजनसँग भेटघाट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

### वृश्चिक

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला। स्वास्थ्यका कारण अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ। अरूका लागि बुद्धि खर्चनुपर्ला। समयको गतिलाई पछ्याउन नसक्दा पछि परिनेछ। साँझदेखि स्थितिमा सुधार आउनाले नयाँ कामतर्फ अग्रसर भइनेछ। तर केही चुनौती देखिनेछन्। वैधानिक प्रावधानले अप्ठ्यारो पार्नेछ भने अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ। जति प्रयास गर्दा पनि सोचेजस्तो परिणाम नआउँदा चिन्ता बढ्नेछ।

### धनु

हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ। बेसुरमा बोल्ने बानीले पनि दुःख पाइनेछ। आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। साझेदारसँग असमझदारी देखिने हुँदा सजग रहनुहोला। हडबडीले समस्या निम्त्याउन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको विश्वास गर्दा धोका पाइनेछ।

### मकर

साहसी काम गरेर अरूको मन जित्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यावसायमा फड्को मार्न सकिनेछ। प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन्। कामको उच्च मूल्यांकन हुनेछ भने लगनशीलताले विशेष अवसर दिलाउनेछ। रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ। व्यापारमा प्रशस्त फाइदा हुनेछ। साँझतिर भने काम बिग्रने भयले सताउन सक्छ।

### कुम्भ

समयमा वचन पुर्‍याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। तापनि बुद्धिले काम लिँदा योजना कार्यान्वयनमा आउनेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला। साँझतिर कर्मका प्रेरकहरू बढ्नाले कर्मसाधना सिद्ध हुनेछ।

### मीन

अवसर आए पनि काममा पछि परिनेछ। शुभचिन्तकहरूले आफ्ना कमजोरीप्रति गुनासो गर्न सक्छन्। स्वास्थ्यका लागि खानपानमा सचेत रहनुपर्ला। टाढिएका आफन्त भेटघाट गर्ने साइत जुर्न सक्छ। काम रोकिए पनि पारिवारिक जमघटको आनन्द प्राप्त हुनेछ। साँझतिर आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ। मनमा द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। समय राम्रै आएको छ। सोचेको काम पूरा हुनेछ।

## समाचार

# आयात प्रतिबन्धमा कडाइ

काठमाडौं। सरकारको चालू खाता र शोधनान्तर स्थिति घाटामा गएपछि विदेशी मुद्रा सञ्चित गर्ने अभिप्रायले गरिएको आयात प्रतिबन्धलाई थप कडाइ गरेको छ।

विलासिताका गाडीसहित १० वस्तुको आयात प्रतिबन्धलाई भदौ १४ सम्म थप गर्दै अझ कडाइ गरिएको हो। १५० सीसीभन्दा माथिका मोटरसाइकल र ३ सय डलरभन्दा माथिका मोबाइल फोन आयातमा सरकारले कडाइ गरेको छ। यसअघि २५० सीसीभन्दा माथिका मोटरसाइकल र ६ सय डलरमाथिका मोबाइल आयातमा मात्र प्रतिबन्ध थियो।

विदेशीमुद्रा सञ्चिति घटेर भुक्तानी सन्तुलनमा चाप परेपछि सरकारले गत १३ वैशाखमा विभिन्न १० वस्तुको आयातमा बन्देज लगाउने निर्णय गरेको थियो। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले यसअघि बन्देज लगाइएका वस्तुमा झनै कडाइ गर्दै त्यसलाई आगामी १४ भदौसम्म निरन्तरता दिने निर्णय सरकारले गरेको हो।

**महँगा मोटरसाइकल र मोबाइल आयातमा प्रतिबन्ध**

गत १३ वैशाखमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले १ साउनसम्म आयात प्रतिबन्ध लगाएको थियो। सरकारले कुरकुरे, लेज, सबै प्रकारका तयारी मदिरा, चुरोट तथा सुर्तीजन्य वस्तु, हिरा, स्मार्टफोन, ३२ इन्च माथिका रंगीन टेलिभिजन, जिप, कार र भ्यान, १५० सीसीमाथि मोटरसाइकल, सबै प्रकारका खेलौना, तास र ३ सय डलरभन्दा बढी मूल्यका स्मार्टफोन आयातमा बन्देज लगाएको हो।

यसअघि सरकारले २५० सीसीभन्दा माथिका मोटरसाइकल आयातमा रोक लगाएको थियो। तर, साउन १ बाट लागू हुनेगरी १५० सीसीभन्दा माथिका मोटरसाइकल आयात गर्न नपाइने भएको छ। यो निर्णयसँगै आगामी भदौ ६ देखि १३ सम्मलाई तय भएको नाडा अटो सो पूर्णरूपमा प्रभावित हुने भएको छ। दुई वर्ष कोभिडको कारण रोकिएको अटो सो नाडाले यो वर्ष भदौ ६ गतेदेखि १२ गतेसम्म गर्ने निर्णय गरेको थियो। सो कार्यक्रम पाँच दिनसम्म भृकुटीमण्डपमा आयोजना गर्ने तयारी थियो। यसअघि गभर्नर, प्रधानमन्त्रीदेखि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीलगायत सम्बन्धित सरकारी पक्षले सवारीसाधन आयातमा लगाइएको प्रतिबन्ध हटाउने आश्वासन दिएपछि नाडाले अटो सोको तयारी गरेको थियो।

नाडा अटो सोकै लागि नयाँ नयाँ भेरियन्टका मोटरसाइकल र गाडी आयात गर्ने तयारीमा रहेको अटो व्यवसायीको सपना भताभुंग भएको छ। नाडा अटो सोलाई प्रभावित पार्नेगरी सरकारले १४ भाद्रसम्मलाई प्रतिबन्ध गरेपछि के गर्ने भन्ने विषयमा नाडा अटोमोबाइल्स एसोसिएसन अलमलमा परेको छ।

६ सय डलरभन्दा माथिका स्मार्टफोन आयातमा प्रतिबन्ध लगाएका कारणले आइफोनलगायतका फ्ल्यागसिप फोनको व्यापार गर्न नपाएका मोबाइल व्यापारीहरू मिड रेन्जका मोबाइल फोन पनि आयात गर्न नपाउने भएपछि पसल बन्द गर्ने मनसायमा पुगेका छन्। बजेट फोन मात्र बेचेर आफूहरूको व्यवसाय धान्न नसक्ने भएपछि मोबाइल व्यवसायी पनि इन्तु न चिन्तु भएका छन्। सरकारको निर्णयसँगै ३८ हजार रुपैयाँभन्दा बढी मूल्यका स्मार्टफोन पनि आयात गर्न नपाइने भएको हो।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गत वैशाख १३ मा निकासी तथा पैठारी ऐन २०१३ को दफा ३ अनुसार १० वस्तुको आयातमा बन्देज गरेको हो। सरकारले गरेको आयात प्रतिबन्ध भने नेपालस्थित कूटनीतिक नियोग, कूटनीतिक सुविधाप्राप्त अन्तर्राष्ट्रिय संघसंस्था तथा सोमा कार्यरत कूटनीतिक सुविधाप्राप्त विदेश कर्मचारीको निजी प्रयोगका लागि पैठारीमा बाधा नहुने सूचनामा उल्लेख छ। १ साउनभन्दा अगाडि नै बैंकिङ माध्यमबाट पैठारीको प्रक्रिया सम्पन्न भइसकेका १५० सीसीदेखि २५० सीसीसम्मका मोटरसाइकल र ३ सयदेखि ६ सय अमेरिकी डलरसम्म मूल्य भएका मोबाइल सेटको हकमा यो व्यवस्था लागू नहुने मन्त्रालयले स्पष्ट पारेको छ।

# नागरिकता छानबिन न्यायिक आयोगको माग

नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी नागरिकता विधेयकबारे आफ्नो धारणा सार्वजनिक गरेको छ। पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'नेपालको फिजीकरण हुँदै सिक्किमीकरण गर्ने रणनीतिको माध्यम बनेर नेपाल सरकारले मुलुकको स्वतन्त्र भविष्यमाथि नै गम्भीर खेलवाड गरिरहेको छ। मुलुकका वास्तविक नागरिकहरूले आवश्यकता अनुसार सहजतापूर्वक नेपालको नागरिकता प्राप्त गर्न सक्नु पर्दछ, तर नेपालको नागरिकता जथाभावी वितरण गरिने वस्तु होइन।

तीनतिर खुला सिमाना र ठूलो जनसंख्या भएका छिमेकी मुलुक रहेको परिवेशमा खुकुलो नागरिकता नीति लिनुले नेपाललाई फिजीकरण/सिक्किमीकरणतर्फ धकेल्ने छ। तसर्थ हालसम्म वितरित विवादस्पद नागरिकता प्रमाणपत्रहरूको छानवीन गर्ने "उच्चस्तरीय नागरिकता छानबिन न्यायिक आयोग" गठन गरी सबैखाले नक्कली नागरिकता-प्रमाणपत्रहरू खारेज गरिनु पर्दछ। तवमात्र जन्मको आधारमा नागरिकता प्राप्त गर्ने ब्यक्तिका सन्तानलाई नागरिकता दिने कार्य गरिनुपर्छ। गलत वा किर्ते नागरिकता प्रमाणपत्र लिनेदिने दुवैथरिलाई सजायको भागिदार बनाइनु पर्दछ। नेपाली नागरिकसँग बिहे गरेर आउने भारतीय बुहारीहरूलाई भारतमा जस्तै नेपालमा पनि विवाह भएको सात बर्ष पछि मात्र अंगिकृत नागरिकता प्रदान गरिनु पर्दछ, जसअघि उनीहरूलाई राजनीतिक बाहेक अन्य अधिकारहरू उपभोग गर्न दिने "स्थायी बसोवास"को प्रमाणपत्र दिने ब्यवस्था गरिनुपर्छ। साथै नेपाल-भारत अन्तर्राष्ट्रिय सिमानालाई नियमन गरिनु पर्दछ भन्ने नेकपा (माले) को माग रहेको छ। हाल संसदमा बिचाराधिन नागरिकता विधेयकलाई तत्काल फिर्ता लिनुपर्छ।

नेपालको निम्ति प्रस्तावित अमेरिकी राजदूतले नेपालसँग भौगोलिक रुपमा सिमाना जोडिएको नेपालको स्वतन्त्रता एवम् सम्प्रभूताको पक्षधर मित्रराष्ट्र जनगणतन्त्र चीनलाई राष्ट्रघाती अमेरिकी- एम्सीसी सम्झौता नेपालमाथि थोपरिएको सन्दर्भमा निराधार आक्षेप लगाउने र नेपाली जनतालाई अनादर गर्ने अभिब्यक्तिहरूप्रति नेकपा (माले) गंभीर आपत्ति र कडा बिरोध जाहेर गर्दछ।

पेट्रोलियम पदार्थ सहित तमाम उपभोग्य वस्तुहरूमा गरिएको मूल्यवृद्धि र बेरोजगारीले जनजीवन कष्टकर बनिरहेको अवस्थामा सरकार भने वैदेशिक ऋणमा आधारित घाटा बजेटका विशेषताको रट लगाउने आत्मरतीमा लिप्त देखिएको छ। अनियन्त्रित मूल्यवृद्धिलाई रोक्ने काममा सरकारलाई प्रभावकारी दबाव दिनुको सट्टा प्रमुख प्रतिपक्ष र अन्य राजनीतिक दलहरू समेत जनसरोकारप्रति गम्भीर देखिएका छैनन्। नेपाल सरकारले तत्काल ठोस कदम चालोस् भन्ने जोडदार माग गर्दै नेकपा (माले) पेट्रोलीयम पदार्थको यो अनियन्त्रित मूल्यवृद्धि नेपाल आयल निगमलाई निजीकरण गर्ने योजनासँग जोडिएको छ भन्ने चर्चित टिप्पणीहरूप्रति गम्भीर बन्दै त्यस्तो सरकारी नियतको कडा बिरोध गर्दछ।

दक्षिणी सिमानामा भारतले बनाएका बाँध तथा अग्ला सडकहरूबाट तराइ क्षेत्रमा बर्षा याममा हरेक बर्ष हुने गरेको डुबानि, पहाडी क्षेत्रको भूधरातलीय अवस्था र डोजरे विकासले निम्त्याउने बाढीपहिरोको समस्याबाट जनतालाई संरक्षण गर्न र सम्भावित दुर्घटनाबाट बचाउ गर्ने कामको भरपर्दो तयारी गर्न हामी सरकारको गम्भीर ध्यानाकर्षण गर्दछौं।

अन्तर्राष्ट्रिय गतिविधिकै केन्द्र रहेको राजधानी शहरमै फोहोरको डुङ्गुर देखिनु असभ्यता, लापरवाही र स्वास्थ्य माथिको खेलवाड हो। काठमाण्डौ उपत्यकामा देखिएको हैजाको कारण यही फोहोर तथा प्रदुषित पानी नै हो। जनतालाई सफा खानेपानी उपलब्ध गराउनु र फोहोरको उचित व्यवस्थापन गर्नु सरकारको प्रमुख दायित्व रहेपनि केन्द्रीय सत्ताको खेलमा लागेर जनसुविधामा लापरवाही देखाइनु अव्यवस्थाको प्रमाण हो। हामी सरकारको यस्तो ढीलासुस्ती र अव्यवस्थाको कडा बिरोध गर्दछौं साथै अविलम्ब प्रभावकारी कदम चालेर परिस्थिति सहज बनाउन सरकारसँग जोडदार माग गर्दछौं।'

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Transcribe = सुनेर लेखोटमा उतार्नु It took me three days to trnscribe his speech उसको भाषण सुनी त्यसलाई लेखोटमा उतार्न मलाई तिन दिन लाग्यो।

Uxorious = आफ्नी श्रीमती भनेपछि हुरुक्के हुने Because of his being so uxorious, his friends always laugh at him आफ्नी श्रीमती भनेपछि हुरुक्क हुने उसको बानी देखेर उसका साथीहरू उसलाई खिसि गर्दछन्।

0Valor = बहादुरी Many Gurkha soldiers had received Victoria Cross for their valor in the second world war धेरै गोर्खा सिपाहीहरूले द्वितीय विश्वयुद्धमा देखाएको बहादुरीको लागि भिक्टोरिया क्रस पाए।

Wallow = रुमल्लिनु, लटपटिनु, रंगमंगिनु, Their ancestors were very rich so wallowing in luxury is their family tradition तिनीहरूका बाजे बराजु ज्यादै धनी थिए त्यसैले विलासितामा रंगमंगिनु तिनीहरूको पारिवारिक परम्परा हो।

Yammer = लगातार नथाकी हल्ला गरिराख्नु The parlamentarians know nothing than yammering even in a small issue सांसदहरू ससाना कुरामा पनि लगातार होहल्ला गर्नुबाहेक केही गर्न जान्दैनन।

Zonked = लागेर लठ्ठ पर्नु Although he does not drink, he looks always zonked नपिउने भए तापनि ऊ सधैं लठ्ठ देखिन्छ।

Aggregate = जम्मा। कुल The aggregate of unemployment figure has crossed three million बेरोजगारहरूको कुल संख्याले ३० लाख नाघेको छ।

Buxom = मोटोघाटो र स्वस्थ (विशेष गरी महिला वा बच्चा) Models are mostly slender not buxom मोडेल गर्ने महिलाहरू मोटीघाटी भन्दा पनि प्रायः दुब्ला पातला हुन्छन।

Coda = संगीत वा साहित्यिक रचनाको अन्तिम सार वा सकिने बेलाको प्रस्तुति I like the coda of this very music because it is very distinctive मलाई यो संगीतको अन्तिम अंश ज्यादै मनपर्दछ किनकि यो आफ्नै किसिमको छ।

Diatribe = नमिठो गाली। तिखो आलोचना It is his quality to remain calm even during the diatribe of the opposition members विपक्षी सांसदहरूको तिखो आलोचना र नमिठो गाली सुनेर पनि शान्त रहन सक्नु उसको गुण हो।

## Bring बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Bring something into = झपक्क पार्नु The mild weather brings always the trees into blossom अनुकुल मौसममा रुखहरू झपक्कै फुल्छन।

Bring something to light = प्रकाश पार्नु, चिनाउनु King Mahendra Brought Nepal to light राजा महेन्द्रले नेपाललाई विश्व सामु चिनाए।

Bring somebody to book = कसैको नाम उल्लेख गर्नु He has not brought me to this book यो किताबमा उसले मेरो नाम उल्लेख गरेको छैन।

Bring something to an end = अन्त गर्नु We have brought our relations to an end हामीले हाम्रो सम्बन्ध अन्त गरेका छौं।

Bring something about = दिशा परिवर्तन गर्नु Pilot brought us about because of bad weather खराब मौसमको कारण पाइलटले हाम्रो दिशा परिवर्तन ग¥यो।

Bring about something = अघि बढाउनु The government has brought about reforms in many fields सरकारले धेरै क्षेत्रमा सुधारको काम अघि बढाएको छ।

Bring something back = फिर्ता गर्नु Bring my book as sson as posssible back मेरो किताव सकेसम्म चाँडो फिर्ता गर।

Bring somebody back = फिर्ता ल्याउनु He brought me back in his car उसले उसकै कारमा मलाई फिर्ता लिएर आयो।

Bring somebody before somebody = कसैको अगाडि उभ्याउनु Police brought him before the judges प्रहरीले उसलाई न्यायाधीशको अगाडि उम्यायो।

Bring something before something = समक्ष अगाडि ल्याउनु I do not want to bring this issue before the committee म यो कुरालाई समिति समक्ष अगाडि ल्याउन चाहन्न।

## सुडोकु–अंक २६८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | | | ७ | | | | |
| | | | | | ५ | | | |
| ९ | ५ | | | | | | | |
| | १ | | | ६ | ४ | | | |
| | ९ | ६ | १ | | ७ | ४ | २ | |
| | | | २ | ९ | | | ७ | |
| | २ | | | | | | ५ | १ |
| | | | ९ | | | | | |
| | | | | ३ | | | ८ | २ |

## अंक २६७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ५ | ८ | १ | ७ | २ | ३ | ६ | ९ |
| ३ | ९ | ७ | ८ | ४ | ६ | ५ | १ | २ |
| २ | ६ | १ | ९ | ३ | ५ | ७ | ४ | ६ |
| ६ | ७ | ४ | ५ | ८ | १ | ९ | २ | ३ |
| ९ | १ | ३ | ७ | २ | ४ | ८ | ५ | ६ |
| ८ | २ | ५ | ६ | ९ | ३ | १ | ७ | ४ |
| १ | ३ | ९ | २ | ६ | ७ | ४ | ८ | ५ |
| ७ | ८ | २ | ४ | ५ | ९ | ६ | ३ | १ |
| ५ | ४ | ६ | ३ | १ | ८ | २ | ९ | ७ |

# DPRK AND TEN YEARS OF DEVELOPMENT OF ITS NATIONAL DEFENCE CAPABILITIES

Today the world is in turmoil. But there is a land free from the words war, dispute and refugee. That is the Democratic People's Republic of Korea.

Kim Jong Un, President of the State Affairs of the DPRK, has developed his country into a socialist power that no one can belittle.

Over the past ten years, he has fully displayed his outstanding leadershipabilities.

We should continue to grow stronger; we must not be satisfied or rest on our laurels concerning the strength we have built up for defending ourselves; we must make our military supremacy more secure so that we can stand up to anyone–this is his intention.

He has developed the Korean People's Army into an army strong in ideology and morality.

He gives precedence to developing the army into the one that is firmly equipped with the revolutionary ideas of President Kim Il Sung and Chairman Kim Jong Il and achieves victory with the spiritual and moral strength. Whenever he visits the army units, he first looks round the rooms dedicated to education by means of revolutionary relics and rooms for education of soldiers, leading the service personnel to glorify the military ideas and army building exploits of the preceding leaders.

He has accelerated the work of developing the military technology of the KPA.

He ensures that efforts are directed to training a larger number of officers capable of skilfully commanding units of the arms and services at all levels, and that the level of modernization of combat training by the units is raised, so that all the units and sub-units can fully perform any combat missions.

Clarifying that the key to this end is in improving the quality of training, he has stoked the flames of intensive training across the army.

He has personally guided the strike drills of the services and arms of the KPA to cultivate the strategic and tactical qualification of their commanding officers and develop their capabilities for commanding operations. Thanks to his guidance, a dramatic change has been brought about in the forms, contents and methods of training in the KPA. Amid the brisk movement to become crack shots, a movement launched by him, the service personnel are prepared as masters of modern warfare and elite soldiers who are highly capable of fighting a real combat.

Kim Jong Un has paid close concern to developing the military hardware and other material means of the KPA.

His country has had to overcome harshest-ever difficulties and pressure in the current century, but he has led his country to possess all the absolute weapons, a monopoly of nuclear powers only in several years and then make a leap forward to develop and manufacture unknown weaponry of the Juche type.

He does not know the word impossible; but the words steady advance and leapforward make sense with him. This is a fact recognized by the international community.

Under his guidance, the sectors of national defence science and munitions industry of the DPRK have achieved world-startling successes in developing state-of-the-art military hardware of new generations.

The country succeeded in the test-fires of a new-type tactical guided missile and newly-developed long-range cruise missile, anti-aircraft missile and new-type SLBM in succession last year and succeeded in the test-fires of hypersonic missile and new-type ICBM Hwasongpho-17 this year.

The military parade, held in celebration of the 90th anniversary of the founding of the Korean People's Revolutionary Army in Kim Il Sung Square in Pyongyang, the capital city of the DPRK, on April 25 this year, vividly showed the war deterrent possessed by the DPRK.











## Cornerstone for Korea's Reunification

President Kim Il Sung (1912-1994) of the Democratic People's Republic of Korea devoted his all to the cause of national reunification. As early as fifty years ago he illuminated the cornerstone for national reunification–the three principles of independence, peaceful reunification and great national unity, which the north and south of Korea solemnly proclaimed at home and abroad in their July 4 Joint Statement in 1972.

When he met the representative of south Korea who was on a visit to Pyongyang for north-south high-level political talks in May 1972, Kim Il Sung explained to him the main principles to be adhered to in the effort for national reunification.

As part of its efforts to realize its ambition for gaining world supremacy after the Second World War, the United States tried to dominate the Korean peninsula which is located in a geopolitically favourable position. In the long run, the Korean peninsula was divided into two by the foreign forces. After occupying south Korea, the US obstructed in every possible way the struggle of the Korean people for the reunification of their country. This historical background clearly showed that the Korean people could achieve national reunification only when they opposed the domination and interference by the US, the mastermind behind Korea's division and biggest obstacle to its reunification, and safeguarded the principle of national independence.

Achieving the national reunification in a peaceful way is a unanimous desire of the Korean nation and a fundamental method of reunification. On the Korean peninsula where enormous armed forces of two sides face each other, an accidental confrontation may lead to an all-out war. Moreover, another Korean war that may become a thermonuclear war may result in the extinction of the nation and destruction of the world peace and security.

Although the country has been divided for several decades, the commonness as a homogeneous nation, which had been formed and consolidated over a long period of history of 5 000 years, is incomparably larger than the difference of the systems and ideologies caused by the division. If the whole nation achieves unity, gearing and subordinating everything to national reunification, they can solve any problem.

Based on these principles, Kim Il Sung ensured that the north-south joint statement whose essence is the three principles of national reunification was made public on July 4, 1972. The joint statement won the full support and approval of the entire Korean nation and broad international community and became the cornerstone for Korea's reunification.

In 2000, a historic north-south summit meeting was held for the first time in the history of Korea's division and the June 15 North-South Joint Declaration was adopted with the principle of By Our Nation Itself as its basic spirit. The core of the declaration was, as the phrase indicates, the three principles of independence, peaceful reunification and great national unity.

In 2018, summit meetings were held again, and April 27 Panmunjom Declaration and the September Pyongyang Joint Declaration were adopted, opening up a new phase noteworthy in the Korean people's struggle for national reunification. The three principles for national reunification remained as an unshakable cornerstone also in these declarations.

The history clearly shows that the three principles for national reunification put forward by President Kim Il Sung are the most reasonable and realistic fundamental principles and way for Korea's reunification.

## विश्वकै...

नेपालको पासपोर्टले ३८ वटा मुलुकमा अनएराइभल भिसामार्फत सोझै पहुँच पाउने रिपोर्टमा उल्लेख छ। नेपालभन्दा मुनि प्यालेस्टाइन, सोमालिया, यमन, पाकिस्तान, सिरिया, इराक र अफगानिस्तान छन्। विश्वभरिका देशहरूको पासपोर्टको तुलना गरेर सार्वजनिक गरिएको रिपोर्टमा पुछारमा अफगानिस्तान रहेको छ। सबैभन्दा शक्तिशाली पासपोर्टको सूचीमा जापान रहेको छ। जसले १९३ मुलुकमा अनएराइभल भिसामार्फत सोझै पहुँच पाउँछ।

## परीक्षणका...

उद्योगका सञ्चालक राजेश अग्रवालले आजदेखि औपचारिक रुपमा रड भारत निर्यात गर्न लागिएको जानकारी दिए। उनले सरकारले निर्यातमा सहजीकरणको घोषणा गरेसँगै रड निर्यात शुरु गर्न लागिएको बताए। तत्कालीन अर्थमन्त्री जनादन शर्माले उच्च निर्यात सम्भावना भएको क्लिंकर, सिमेन्ट, स्टिल, फुटवेयर र प्रशोधित पानी तथा सूचना प्रविधिमा आधारित क्षेत्र पहिचान गरी निर्यात प्रवर्द्धन गर्ने व्यवस्था बजेटमा गरेका छन्।

त्यस्ता वस्तुमा आठ प्रतिशतसम्म नगद अनुदान उपलब्ध गराइने गरी बजेट सार्वजनिक गरेका थिए। बजेटमार्फत नै सरकारले निर्यातमा सहजीकरण गरेपछि सिमेन्ट, रड उद्योगीले निर्यात गर्न थालेका हुन्। पहिलो चरणमा परीक्षणस्वरुप ५० टन रड निर्यात गर्न लागिएको छ। नेपालको व्यापार घाटा कम गर्ने उद्देश्यका साथ भारतीय बजारमा रड पठाउन लागेको उद्योगीले जानकारी दिएका छन्।

सरकारले निर्यातमा नगद छुटको घोषणा गरेसँगै यसअघि तानसेन सिमेन्ट उद्योगले नेपाली सिमेन्ट भारत निकासी शुरु गरिसकेको छ। सोसँगै अर्घाखाँची, जगदम्बा, सर्वोत्तम र सौर्य सिमेन्टले नेपाली सिमेन्ट भारत निर्यातका लागि तयारी थालेका छन्। उक्त उद्योगहरूले भारत सरकारबाट गुणस्तर प्रमाणीकरणको अनुमतिको पखाईमा रहेको जनाएका छन्। भारत सरकारले गुणस्तर प्रमाणीकरणको अनुमति दिनै १५ महिनाभन्दा बढी समय लगाएको भन्दै व्यवसायीले दुई देशका सरकारबीच समन्वय गरेर सहज रुपमा अनुमति दिनुपर्ने माग राखेका छन्। रासस

## नागरिकता ...

नागरिकता देशको अस्तित्वसँग जोडिएको हुन्छ र देशको राजनीतिले राष्ट्रिय स्वतन्त्रता र स्वार्थलाई सेवा गर्न सक्नुपर्छ। नागरिकता वंशज र अंगीकृत हिसाबले दिने गरिन्छ। वंशजको नागरिकताका आधार रक्त सम्बन्धको अवधारणासँग जोडिएको हुन्छ। वंशजको नागरिकता जो कोहीलाई दिन मिल्ने नागरिकता होइन। यसको सम्बन्ध देशको माटोसँग जोडिएको हुन्छ। वंशजको नागरिकता पुर्खाले देशको निर्माण र त्यसको अस्तित्व बचाउन, देशलाई स्वतन्त्र राख्न र विभिन्न कालखण्डमा देशबासीका हितका लागि गरिएका संघर्षमा रगत पसिना बगाएका हुन्छन्। त्यसैले उनीहरू आफ्नो देशको अस्तित्व र राष्ट्रियतालाई बचाउन बलिदान दिन तयार रहन्छन्, जसलाई देशका अन्य नागरिकले पनि पछ्याउँछन् भन्ने विश्वव्यापी मान्यता रहेको छ। तर, अहिले नेपालमा खुकुलो नीतिबाट विदेशी नागरिकलाई नागरिकता दिने अनि तिनबाट जन्मेका पहिलो सन्तानलाई १६ वर्षको उमेर पुग्ने बित्तिकै वंशजको नागरिकता दिने संविधान बनाएर त्यसैका आधारमा कानुनी व्यवस्था गरेर विदेशी नागरिकलाई भटाभट नागरिकता दिने प्रयास हुँदै छ।

नागरिकता वितरणको मूल उद्देश्य नेपाली नागरिकता प्राप्त गर्ने अधिकारवाट वञ्चित नहून् र कुनै पनि विदेशी नागरिकले नागरिकता प्राप्त नगरून् भन्ने नै हो। तर, व्यवहारमा भने यसको ठीक उल्टो भएको छ। नेपाली खास गरेर वादी समुदायका बालबच्चा, तराईका वाँतर, तत्मा, चिडिमार, मुसहर, डोम, चमारलगायतका र राष्ट्रिय निकुञ्ज वरिपरि बस्ने महिला र वैदेशिक रोजगारका क्रममा परिबन्दमा पारिएकाबाट जन्मिएका बालबच्चाको ठूलो संख्या अहिले पनि नागरिकताबाट विमुख छन् तर हजारौं भुटानी, बंगालादेशी, तिब्बेतियन, काश्मिरी तथा बर्मिजहरू थुप्रैले नागरिकता लिएको इतिहास साक्षी छ। १९५० को सन्धिको धारा ६ र ७ नम्बरको व्यवस्थालाई प्रयोग गरी नेपालमा आई व्यावसायिक कारोबार गर्ने लाखौं लाख भारतीयले नेपाली नागरिकता लिएको खुलेआम घोषणा गरिरहेका छन्।

तराईका विभिन्न जिल्लाबाट २०१९ सालभन्दा पहिला र २०४६ सालको परिवर्तनपछि अझ खास गरेर २०६३ सालपछि विदेशीलाई खुला नागरिकता दिने अन्तरिम संविधान बनेपछि त नागरिकताको ठूलो व्यापार धन्दा चलेको छ। त्यस अवस्थामा दरभंगा इलाका, जोगवनी, रक्सौल, गोरखपुर आदि क्षेत्रबाट दोकान-दोकानमा 'नेपाली नागरिकता इधर मिल्ता है' भनी ब्यानर टाँगेर नागरिकताको डेलिभरी गरिएको थियो। कैलाली, बाँके, कपिलवस्तु, रुपन्देही, नवलपरासी, चितवन, बारा, पर्सा, रौटहट, सर्लाही, महोत्तरी, सिरहा, धनुषा, मोरङ जिल्लाबाट सम्भव भएका नागरिकता बिक्री गर्ने र राज्यको पकड दह्रो नभएको ठाउँबाट टोली नै कब्जा गरी नागरिकता बनाएर लिएर गएका घटनासमेत भएका थिए। त्यसबाहेक अन्य तवरबाट पनि नक्कली नागरिकता लिएको तथ्य सार्वजनिक भएका छन्। तराईमा दाइजो प्रथाको संस्कारले गर्दा भारतीय केटासँग छोरी विवाह गर्ने आमप्रचलन छ। वैवाहिक सम्बन्ध जोडेका भारतीय युवाले श्रीमतीको बाबुलाई आफ्नो बाबु बनाएर थुप्रै नक्कली नागरिकता लिएका घटना छन्। ती नागरिकता वंशजकै आधारमा लिएका छन्। गणतन्त्र घोषणा भएको संक्रमणकालमा पनि २०६३ तिर श्री ५ को सरकार छाप र नागरिकता कार्डहरू प्रयोग गरी गाउँ-गाउँ र पसल-पसलबाट नक्कली नागरिकता वितरण भइरहेका छन्।

२०४६ सालपछि बनेका सबै प्रकारका सरकारले निर्णय गर्दै भारतीय नागरिकलाई नागरिकता दिएका थिए। २०५४ सालमा जितेन्द्रनारायण देवको कार्यदलले तराई भेगबाट लाखौं नागरिकता वितरण गरिएको थियो। माथिका दुवै प्रकारका नागरिकता सर्वोच्च अदालतले खारेज गरे तापनि व्यवहारमा र चलनचल्तीमा ती नागरिकता अहिले पनि सक्कली नागरिकताकै मान्यातामा कार्य भइरहेको छ।

२०६३ सालमा तीन जनाको सिफारिसमा विदेशीलाई वितरण गरिएको नक्कली नागरिकता व्यापक चलनचल्तीमा यथावत् रहिआएको छ। नागरिकता ऐन, २०६३ को दफा ८ को उपदफा २ को (ख) मा मतदाता नामावलीको आधारमा पनि नागरिकता दिने व्यवस्था गरेको छ। जब कि नागरिकताको आधारमा मतादाता नामावली बनाउने आमप्रचलन छ। २०३७ सालमा जनमत संग्रहको मतदाता नामावलीमा राजनैतिक उद्देश्य परिपूर्तिका लागि सीमावर्ती जिल्लाका १०औं लाख भारतीयलाई भारतीय राजदूतावासको संयोजनमा मतादाता नामावलीमा नाम लेखाइएको थियो, तर व्यापक ढंगले विरोध भइसके पछि तत्कालीन राजा वीरेन्द्रले अध्यादेश जारी गरी उक्त मतादाता नामावलीमा भारतीय नागरिकको नामावलीलाई खारेज गरिएका थिए।

२०४६ सालपछिको सरकारले उक्त नामावलीलाई नै आधार मानेर नागरिण्कता दिएकाले सर्वोच्च अदालतले खारेज गरिएकोमा २०६३ सालमा कानुनमा रूपान्तरण गरी पुनः भारतीयलाई नक्कली नागरिकता वितरण गरिएको छ। जसको बदर गर्नु अन्यन्त आवश्यक छ। तर, व्यवहारतः यी नक्कली नागरिकता जग्गा लेनदेन, कर, भन्सार, कारोबार, शैक्षिक क्षेत्र, उद्योग-धन्दा तथा व्यापार व्यवसाय र वैदेशिक रोजगारमा समेत प्रयोग भइरहेका छन्। तर, यीमध्ये कतिपय नक्कली नागरिकतालाई सर्वोच्च अदालतले खारेज गरे तापनि खारेजीमा परेका नागरिकता 'दयगतको सो निर्णयलाई कार्यान्वयन गर्न कुनै पनि सरकारले ठोस कदम नचालेका कारण ती नागरिकता सक्कली नागरिकतासरह नै यथावत् रूपमा चलनचल्तीमा आइरहेका छन्। ती नागरिकता लिएका व्यक्तिबाट अहिले तराईका वास्तविक रैथाने नेपालीलाई धम्क्याउने, छानबिन गन मुद्दा उठाउन नदिने, घरबास तोडफोड गर्ने तथा बालबच्चा अपहरण गर्ने धम्की आइरहेको अवस्थामा त्यसलाई ध्यान दिनु त्यत्तिकै आवश्यकता रहेको छ।

मधेश आन्दोलनको दौरान २००८ मा ४० लाख मधेशीको नामबाट नागरिकता लिन सफल भएको छ भनी नेपालका लागि भारतीय पूर्व राजदूत श्यामशरणले लेखेका छन्। प्राध्यापक मुकेशकुमार सिंहबाट २००६ को मधेश आन्दोलनपछि ४० लाख भारतीयले नेपाली नागरिकता लिन सफल भएको उल्लेख गरेका छन्। इन्दिरा गान्धीद्वारा सिक्किम भारतमा विलय गराएपछि नेपालको तराई टुक्र्याइ भारतमा गाभ्न भारतीय 'र'को मिसन सन् १९७५ मा तराईमा केन्द्रित भएको थियो भनेर आरके यादवले उल्लेख गरेका छन्। २०३७ सालको जनमत संग्रहमा लाखौं भारतीयलाई मतदाताका रूपमा भित्र्याइएको र उनीहरू सबैले नेपाली नागरिकता प्राप्त गरिसकेको, जब कि तत्कालीन मतदाता नामावलीलाई राजा वीरेन्द्रले अध्यादेशद्वारा खारेज गरिसकेको अवस्था थियो। त्यही मतदाता नियमावलीलाई अध्यावधिक गरी पुनः नागरिकता दिलाइएको छ।

खुला सीमाबाट प्रवेश गरेका भारतीयलाई सन् १९५० को सन्धिले व्यावहारिक र व्यावसायिक कारोबार गर्न छुट दिएको छ। सो कारोबार गर्न नागरिकतालाई अनिवार्य गर्ने राज्यको गलत नीतिका कारणले हालसम्म पनि नागरिकतामा बढ्दो चापका कारणले भारतीयको अतिक्रमण नेपालले बेहोरिरहेको अवस्था छ। नागरिकता छानबिनको माग गर्ने तराई भेगका खासगरी सिमावर्ती इलाकाका जनताले भारतीय किर्ते नागरिकता लिनेका तर्फबाट चुनौती, असुरक्षा बेहोर्नुपरेका कारणले र उनीहरूलाई नेपाल सरकारले भरपर्दो सुरक्षा नदिएको र आतंकित मनोदशामा नेपाली नागरिक बाँच्नुपरेको तथा प्रशासकले छानबिन पनि गर्न नसकेको अवस्था छ।

विगतमा ल्याएको विधेयक वा अध्यादेशलाई परिमार्जन गरेर कानुन बनेको खण्डमा विदेशीलाई वितरण गरिएको किर्ते र नक्कली नागरिकताले वैधानिकता पाउनेछन्। ती नागरिकताका आधारमा घरजग्गा उद्योगधन्दा, व्यावसायिक कारोबार, कर भन्सार आदि सबैले वैधानिकता पाउने देखिएकाले मुलुक थप जटिलता र संकटपूर्ण अवस्थाबाट गुज्रनुपर्ने परिस्थिति पैदा हुने भएकाले यस किसिमको विधेयक अत्यन्त घातक हुने स्वतः सिद्ध छ। कुरा त्यतिमा मात्र सीमित हुने छैन कि, उनीहरूका थप सन्तान र आश्रित व्यक्तिले नेपाली नागरिकता हत्याउनेछन्। मुलुक सच्याउनै नसकिने बिन्दुमा पुगी सार्वभौमिकता गुमाउनुपर्ने स्थिति स्वतः हुनेछ।

नेपालको भूराजनीतिक विशिष्ठ परिस्थितिमा राज्यको नागरिकता नीति खुकुलो एवं वितरणमुखी होइन, यो मूलतः नियन्त्रणकारी एवं कठोर हुनुपर्छ। नागरिकता नीति देशको विशिष्ठ स्थितिले निर्धारण गर्छ। यो राष्ट्रियता सापेक्ष हुन्छ। यो नीति हाम्रो भौगोलिक अवस्था, राष्ट्रिय परिस्थिति, सामाजिक एवं संस्कृतिक परिवेश, जनसंख्याको चाप एवं छिमेकीसँगको सम्बन्धको सूक्ष्म ढंगबाट विश्लेषण गरेर नीति तर्जुमा गर्न आवश्यक हुन्छ।

## निर्वाचन...

क्षेत्रमा एकै दिन एकै चरणमा निर्वाचन गर्नेगरी २ मंसिरको मिति प्रस्ताव गरेको थियो। निर्वाचन आयोग ऐन, २०७३ तथा निर्वाचनसम्बन्धी कानुनले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनको मिति आयोगको परामर्शमा नेपाल सरकारले तोक्ने व्यवस्था गरेको छ।

आयोगले निर्वाचन तयारीका लागि १ सय २० दिनको समय आवश्यक पर्ने भन्दै सोहीअनुसारको समय माग गर्दै आएको छ। प्रधानमन्त्रीलाई सो विषयमा आयोगले ध्यानाकर्षणसमेत गराइसकेको छ। आयोगले निर्वाचनका लागि १० अर्ब खर्च हुन सक्ने भन्दै सरकारसमक्ष प्रारम्भिक खर्चको विवरणसमेत बुझाइसकेको छ। २०७४ मा सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय ७७ र निर्वाचन अधिकृतको कार्यालय १ सय ६५ समेत गरी जम्मा ७ अर्ब ८० करोड खर्च भएको थियो।

आयोगले हाल देशभर मतदाता नामावली संकलनको काम गरिरहेको छ। आयोगका सूचना अधिकारी सूर्यप्रसाद अर्यालका अनुसार देशका ७७ जिल्लाका निर्वाचन कार्यालय, ७७ वटै जिल्ला प्रशासन कार्यालय र ७३ इलाका प्रशासन कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता जारी छ। नामावली दर्ता रोकिएपछि नयाँ दर्ता भएका नामउपर छानबिन गर्नेसहितका कार्यक्रम तय गरिनेछ।

## चुलिँदै...

रहेको छ। यस्तो अवस्थामा अत्याधिक रूपमा खाध्यान्न आयात भइरहेको छ। २०७८/७९ को नौ महिनामा रु. ५९ अर्ब २९ करोड ७० लाख ३६ हजारको सामान आयात भएको छ। २०७८/७९ मा चैत्रसम्म रु. १४ अर्ब ९७ करोड २३ लाख ६८ हजार मूल्य बराबरका ५० करोड ५० करोड ८८ लाख ७८ हजार ३०८ केजी धान आयात भएको छ। त्यसबाट सरकारले रु. ७५ करोड ४ लाख बराबरको राजस्व संकलन गरेको छ।

आर्थिक वर्ष २०७८/७९ मा ५ अर्बको गहुँ आयात भएको छ। ५ अर्ब २७ करोड ७९ लाख ७३ हजारको १५ करोड ९८ लाख ८३ हजार ४३८ केजी गहुँ आयात भएको छ। गहुँको बिउ रु. ७ लाख ९७ हजार ८० केजी गहुँ आयात भएको छ। त्यसको लागत मूल्य रु. २१ लाख २६ हजार बराबरको छ। आर्थिक वर्षको २०७९ चैत्रसम्म ६५२ केजी जुनेलो रु. ३५ हजारको आयात भएको छ।

## गणतन्त्रको...

परिसरमा अरनिकोले बनाएका बौद्ध स्तुपा आजसम्म सुरक्षित छ। जुन राष्ट्रमा जनताले जिम्मेवारी दिएका जनप्रतिनिधिदेखि राज्य संयन्त्रका प्रत्येक तह र तप्कामा विदेशी भाइरस छन्, त्यो राष्ट्रको रक्षा कसले गर्छ?

इतिहासमा यस्ता अनेक प्रसंग छन्, जसले गर्दा हाम्रो मन गर्वोन्मत्त हुन्छ। इतिहासले उतिसारो चर्चा नगरेको सत्य हो, अरनिकोको वास्तु कला, चित्रकला र मूर्तिकलाबाट प्रभावित सम्राट कुबलय खाँले ती महान् कलाकारलाई राजदरवारमा प्रमुख कलाकारको उच्च दर्जा दिएर राखे। अर्थात, उनी चीनका कला शिरोमणि भए। सम्राटका कला सल्लाहकार बने।

युद्धमा विश्व थर्काउने नेपाली सैनिक हुन् वा विश्वप्रसिद्ध कलाकार, प्राचीन धर्मग्रन्थका धुरन्धर विद्वान्-विदुषी के थिएनन् हामीसँग। राष्ट्रले आज पनि सुयोग्य नेतृत्व पाउने हो भने धेरै क्षेत्रमा हामी प्रसिद्ध हुन सक्थ्यौं।

'सासू तीरथ, ससुरा तीरथ, तीरथ सालासाली है' भन्ने घरज्वाइँको गीतझैं यता सत्ता, उता सत्ता, चारैतिर सत्ता मात्र देख्ने राजनीतिक दृष्टिले नेपालको सृष्टि नै भत्काइरहेको छ। संसारले तिरस्कार गरेका भ्रष्टाचार, बेथिति, जालझेल र विदेशीका खेल यही माटोमा फस्टाइरहेको छ। कुनै बखत राष्ट्रनायक निरंकुश भए भनेर नारा लगाउनेहरूले दलीय अधिनायकवाद चलाएको देखिन्छ। अर्थात चार पाँच जनाले निर्णय गरेपछि संविधानको अर्थ रहँदैन। त्यो निरीह बन्छ। सुशासन टुहुरो बन्छ। दलको दलदलमा फस्नेले स्यावास भन्छ।

कतिपय कट्टरपन्थी मुस्लिम धर्माधिकारीहरूको परिषद् (उलेमा) टर्कीलगायतका राष्ट्रमा संविधानभन्दा उच्च स्थानमा थियो। उलेमाका अधिपतिहरूले गरेको निर्णय सर्वस्वीकार्य मान्नैपर्थ्यो। नेपालको भूराजनीति, समाजशास्त्र, प्राचीन धर्म-संस्कृति, परम्परा, इतिहास, धरातलीय यथार्थ, धार्मिक सद्भाव सबै बिथोलिएको यो अवस्थामा जनता मात्र विभाजित छैनन्, राज्यकोषबाट पेट पाल्ने सरकारी तलबजीवीहरू पनि ध्रुवीकरणको सिकार भएका छन्। कंक्रिटको जंगल बनिसकेको सिंहदरवार क्षेत्रभित्रै उच्च कर्मचारीहरूमा अमेरिकी, चिनियाँ, भारतीय र युरोपियन युनियनका दास बन्नेहरू पनि भेटिन्छन्। दाना स्वदेशको खान्छन्, गाना विदेशी गाउँछन्। बन्दूके काजीहरूमा पनि यस्तो रोग सल्कियो भने नेपाल छिट्टै अफगानिस्तान, लेवनान, सिरिया वा सुडान बन्न सक्छ।

जुन राष्ट्रमा जनताले जिम्मेवारी दिएका जनप्रतिनिधिदेखि राज्यसंयन्त्रका प्रत्येक तह र तप्कामा विदेशी भाइरस छन्, त्यो राष्ट्रको रक्षा कसले गर्छ?

सन् १९७१ मा पंक्तिकार एघार वर्षको थियो। अक्षरजीवी भएर बाँच्नुपर्ने नियतिले डोऱ्याएर होला, ऊबेला कपाल काट्ने ठाउँमा हजामले टाँसेका हिन्दी अखबार पनि पढ्थें म। एउटा खबरमा इरानमा राजतन्त्र स्थापनाको पच्चीस सय वर्ष पुग्यो भनेर लेखिएको थियो। तस्बिरमा इरान नरेश रेजा पहलबी। सम्भवतः मैले अन्तर्राष्ट्रिय खबर ध्यानपूर्वक पढेको त्यो पहिलो घटना थियो। कपाल काटिरहेका कान्छा हजामले भने- ए भान्जा, बाल काट्दा धेरै चकचक नगर। बीस वर्ष उमेर नपुग्दै म अखबारमा काम गर्न थालें। हिन्दीबाट एउटा खबर अनुवाद गरें- इरानमा राजतन्त्र अन्त्य।

इरानी राजतन्त्रले दुई हजार पाँच सय वर्ष पुगेको उपलक्ष्यमा आयोजित विशाल समारोहमा भाग लिन राजा महेन्द्र तेहरान पुगेका थिए। बाह्य शक्तिको खेलमा त्यहाँका कट्टरपन्थी मुसलमानको शासन सुरु भयो। राजतन्त्रलाई तातो तावा मान्नेहरू सिधै अग्निकुण्डमा परे। कहाँ कसलाई प्रयोग गर्दा फाइदा हुन्छ भन्ने बुझेका 'गोरा साहब' तथा उनीहरूको सुविधा लिने दास, कृतदास र उपदासहरूले राष्ट्र एवं जनताको हित हेर्ने कुरै भएन।

सुडान टुक्र्याउन सुडानीलाई विभाजित गरियो। इथियोपियामा सम्राट हेली सेलेसी रहेसम्म राष्ट्र अखण्ड थियो। कम्युनिस्टलाई प्रयोग गरेर त्यहाँ गृहयुद्ध गराइयो र इरिट्रिया नामको भूमि छुट्टै देश बनाइयो। इन्डोनेसियाबाट इस्ट टिमोर अलग गराउन लोभीपापीहरूको बथान बनाइयो। 'जनताले गरेको निर्णय' भन्दै जगत्लाई उल्लु बनाउन सिक्किमझैं ती देशमा जनमत संग्रहकै नाटक रचियो। यस्ता उदाहरणबाट हामीले पाठ सिकेनौं।

'फरेन इन्टरभेन्सन इन अफ्रिका' (क्याम्ब्रिज युनिभर्सिटी प्रेसबाट प्रकाशित) पुस्तकमा भनिएको छ- सन् १९५६ देखि १९७५ सम्म उपनिवेषबाट मुक्ति खोज्ने क्रममा होस् वा सन् १९४५-९१ बीचको शीतयुद्धकालमा, अथवा सन् २००१ बाट दश वर्ष चलेको 'आतंकवाद विरोधी युद्ध' सबैमा नयाँ जामा लगाएर अन्तर्राष्ट्रिय हस्तक्षेप नाचिरह्यो।

श्रीलंकाको तनाव अन्त्य गर्न मध्यस्थकर्ता बनेको नर्वेले कोलम्बोमा पठाएका दूतहरूले भूतको काम गरे। कहिले सरकारलाई त कहिले विद्रोहीलाई तर्साए। पाँच वर्षसम्म षडयन्त्र मात्रै गरेको रिपोर्ट पाएपछि सेनाले राष्ट्रपतिसमक्ष यस्ता विदेशीलाई धपाइएन भने राष्ट्र झन ठूलो संकटमा पर्ने चेतावनी दियो। नेता, उच्चपदस्थ कर्मचारी, कथित मानव अधिकारवादी, प्रेस आदिलाई धनले थिचेर ऐठन गराए पनि श्रीलंकाको सेना पैसामा बिकेन। आज त्यो राष्ट्र आर्थिक संकटमा छ तर डुब्ने स्थितिमा छैन। नेपालमा इमान, नैतिकता, विश्वास र सिद्धान्तको संकट छ। सेनालाई भत्काउन सकियो भने बाँकी सबैलाई नियन्त्रणमा लिन सकिन्छ भनेर डेमोक्रेसीका विदेशी होलसेलरहरू सक्रिय छन्।

एकपल्ट युरोपका एकजना राजदूतले तत्कालीन प्रधानसेनापतिलाई 'माओवादीलाई हामीले सही बाटोमा ल्याएका छौं, सेनाले हेप्ने काम नगरोस्' भनेर तर्साउन खोजेछन्। सरल स्वभावका तनहुँवासी सेनापतिले कुर्सीबाट जुरुक्क उठेर उल्टै थर्काएछन्- के गर्ने, के नगर्ने भनेर हामी निर्णय गर्छौं। तपाईं को हो, हामीलाई चेतावनी र उपदेश दिने? अहिले नै यहाँबाट गइहाल्नुहोस्। गेट् आउट्। गेट लस्ट...।

सैनिक मुख्यालयका केही उच्चपदस्थहरूबीच यो घटना चर्चित भयो। एकजना पूर्व जनरलले सुनाए, चिफ साहबले त्यसरी हप्काएपछि चार पाँच महिनासम्म कतैबाट कुनै दबाब आएन। गणतन्त्र, संघीयता र धर्म निपेक्षताको खेती गर्न नेपालमा बसेका कतिपय विदेशीले सरकार पाल्ने र ढाल्ने काम गरिरहेको सञ्चारमाध्यममा हजारौं पल्ट आइरहेको छ। दलहरूलाई खेताला बनाइएको छ। गणतन्त्रको 'उलेमा' राष्ट्रका लागि अभिशाप भएको छ। राष्ट्र र जनता अभिशप्त छन्। यतिबेला मलाई एउटा विदेशी कथनको सम्झना भइरहेको छ- बलात्कार हुँदा पनि सशक्त प्रतिरोध गर्न सक्दैनौं भने त्यसैमा आनन्द मानेर बस।

## इजरायलमा...

नाम समावेश गराउन र कोभिड-१९ विरुद्धको खोप लगाएको विवरण पेस गर्न साउन ४ गते २ बजे ललितपुरको भैंसेपाटीस्थित व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानमा सम्पर्क गर्न आग्रह गरेको छ।

विभागले साउन ८ र ९ गते हुने हवाई उडानका लागि टिकट बुकिङ गर्न सी लिंक होलिडेजमा राहदानीसहित तत्काल सम्पर्क गर्नुपर्ने उल्लेख गरेको छ। इजरायल उडानका लागि सन्राइज बैंकमार्फत भुक्तानी हुनेगरी कामदारले ५९ हजार ९९० रुपैयाँ हवाई भाडा बुझाउनुपर्ने छ।

विभागले इजरायलको स्वास्थ्य मन्त्रालयको ५ जुलाइमा आएको पत्रलाई उद्धृत गर्दै इजरायल उड्ने नेपाली कामदारले उडान गर्नुपूर्व ७२ घण्टाभित्र कोभिडको पिसिआर परीक्षण गराउनुपर्ने उल्लेख गरेको छ। उक्त परीक्षणमा रिपोर्ट 'नेगेटिभ' आएको अवस्थामा मात्रै इजरायलका लागि उडान गर्न पाइने जानकारी दिइएको छ।

कोभिड परीक्षण परिणाम 'नेगेटिभ' वा 'पोजेटिभ' जे आए पनि सी लिंक होलिडेजलाई जानकारी दिनुपर्नेछ। पीसीआर परीक्षण नेगेटिभ आउनासाथ ग्रिन पासका लागि प्रत्येक कामदारले अनलाइन फाराम भर्नुपर्ने व्यवस्था गरिएको विभागले जनाएको छ।

## उपत्यकाको...

बजेदेखि दिउँसो १२ बजेसम्म मात्रै उपत्यकाबाट फोहोरको गाडी सन्चालन हुँदै आएका थिए।

काठमाडौं महानगरपालिकालेसूचना जारी गर्दै फोहोर व्यवस्थापनको काम नहुन्जेलसम्म आ-आफ्नो घर पसल व्यवसायबाट उत्पन्न हुने कुहिने र नकुहिने फोहोरलाई सडक, चोक, सार्वजनिकस्थलमा नफाली घरभित्रै छुट्टाछुट्टै राख्न अपिल गरेको छ।

हरेक दिन काठमाडौं उपत्यकाबाट एक हजार २०० मेट्रिकटन फोहोर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ। यसमध्ये सबैभन्दा बढी काठमाडौं महानगरपालिकाबाट ५०० मेट्रिकटन फोहर निस्किने गर्दछ। निजी र काठमाडौं महानगरपालिकाको गरी दैनिक कम्तीमा २०० गाडी फोहर लाने गरिएकामा अहिले मुस्किलले ५० गाडीमात्र सिसडोल पुग्ने गरेका छन्। हाल फोहर व्यवस्थापन गरिँदै आएको सिसडोलभन्दा दुई किलोमिटर टाढा बञ्चरेडाँडामा दीर्घकालीन फोहर व्यवस्थापन स्थल निर्माण गरिएको छ। हाल निर्माण भइरहेको दीर्घकालीन ल्यान्डफिलसाइट नुवाकोट र धादिङको सिमानामा पर्छ। उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहरमध्ये करिब ७५ प्रतिशत सिसडोलमा व्यवस्थापन गरिन्छ।

## आर्थिक...

मापदण्डविपरीत विदेशमा उपचार खर्चसमेत उपलब्ध गराइएको महालेखाको ५९औं प्रतिवेदनमा उल्लेख छ। बढीमा सात लाखसम्म आर्थिक सहायता दिन सकिनेमा आर्थिक वर्ष ०७७/७८ मा २५ लाख ३० हजार रुपैयाँसम्म उपलब्ध गराइएको थियो। त्यस वर्ष सरकारले एउटै सेवाआश्रमलाई करोड तथा सांस्कृतिक विकास कोषलाई २० लाख रुपैयाँ दिएको थियो। कतिपय ठूला नेताहरूले समेत राज्यकोषबाट लाखौं उपचार खर्च लिँदै आएका छन्।

सरकारले यो आर्थिक वर्षदेखि बढीमा पाँच लाख रुपैयाँसम्म मात्र आर्थिक सहायता दिने गरी 'उपचार खर्च, राहत तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि २०७८' स्वीकृत गरेको छ। गत ३१ जेठमा बसेको मन्त्रिपरिषद्ले कार्यविधि स्वीकृत गरेको छ।

उपचार खर्च अभावमा सहायता माग्नेहरूको हकमा सरकारी अस्पतालमा उपचार गराउने र त्यसको भुक्तानी सरकारले दिने व्यवस्था गरिएको छ। यसअघि उपचार खर्च नै दिने गरिन्थ्यो। विपन्न र गम्भीर रोग लागेकाहरूको हकमा स्वास्थ्य मन्त्रालयमार्फत पनि यस्तो सुविधा दिँदै आइएको छ।

कसैले आर्थिक सहायता र उपचार खर्च मागेमा गृहमन्त्रीले तोक लगाएपछि उनीहरूको अवस्था अध्ययन गर्न सम्बन्धित जिल्लामा पठाइने र राज्यबाट आर्थिक सहायता दिनैपर्ने देखिएको अवस्थामा मात्र दिने गरी मापदण्ड बनाइएको छ। मापदण्डको कार्यान्वयन भएमा पहुँचका भरमा नेता र कार्यकर्ताले आर्थिक सहायता लिने प्रवृत्ति रोकिनेछ।

## ज्येष्ठ...

सर्वसम्मत रुपमा पारित गरेको छ। पारित विधेयक अनुसार वृद्धवृद्धाले जीवनयापनमा समस्या आए सम्बन्धित स्थानीय तहमा उजुरी गर्न सक्छन्। उक्त उजुरीका आधारमा स्थानीय तहले हकवालाको हैसियतअनुसार रकम असुल गरी ज्येष्ठ नागरिकलाई दिनसक्छ। हकवालाको आम्दानीले जेष्ठ नागरिकको जीवन निर्वाह गर्न कठिन भए सम्बन्धित स्थानीय तहले पालन पोषण गर्नुपर्ने हुन्छ।

छोराछोरी वा नजिकका नातेदारले जेष्ठ नागरिकको पालनपोषण नगरे त्यस्तो सम्पत्ति स्थानीय तहको स्वामित्वमा ल्याउन सक्नेछ। प्रतिनिधिसभाबाट पारित विधेयकमा भनिएको छ, 'हेरचाह नगरिएका वा अलपत्र अवस्थामा रहेका जेष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई निजको हकहितका लागि परिचालन गर्नेछ।'

हकवालाले पालनपोषण नगरेर अलपत्र परेका ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखी पालनपोषण तथा हेरचाह गर्ने व्यवस्था स्थानीय तहले मिलाउनुपर्नेछ। पारित विधेयक अनुसार आमाबुवाले पालनपोषण नगरेका सन्तानले भने जेष्ठ नागरिकको हेरचाह गर्न बाध्य हुने छैन।

पारित विधेयकमा आम्दानी गर्ने छोराछोरीले ज्येष्ठ नागरिक बाबुआमाको नाममा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। जेष्ठ नागरिकको नाममा रकम जम्मा गर्न लगाउनुअघि छोराछोरी वा हकवालाको आर्थिक हैसियत पहिचान गर्ने भनिएको छ। हकवालाले जेष्ठ नागरिकलाई पालनपोषण गर्न नसक्ने भए के गर्ने भन्नेमा भने विधेयक मौन छ।

तर, निश्चित वार्षिक आम्दानीभन्दा बढी आम्दानी गरिरहेका बाबुआमाका लागि भने छोराछोरी वा हकवालाले रकम जम्मा गर्नुपर्दैन। तर यस्तो वार्षिक आम्दानीको सीमा ऐनमा तोकिएको छैन।

यस्ता अस्पष्टताहरू नियमावलीमा समेटिने महिला तथा वालवालिका मन्त्री उमा रेग्मीले बताएकी छन्। विधेयक प्रमाणीकरण भई लागू भएपछि सम्बन्धित मन्त्रालयले नियमावली बनाउन सक्नेछ।

